ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी

मासिक पत्रिका

GAURI MASIK

बर्ष १८, अङ्क ५, २०७९ माघ, पूर्णाङ्क २०१

गौरी २०१ औं थुँगा

बज्रबाराही मन्दिर

चापागाउँ, ललितपुर

सुमार्गी भवन
वनकाली, पशुपति
सम्पर्क: ९८०८५८३७००
शुभकार्य (शुभ विवाह, शुभब्रतवन्ध, चौराशीपूजा, लाखवत्तीपूजा), नेपाली सांस्कृतिक कार्यक्रमहरु, एवम् सभा, सेमिनार गोष्ठी सम्मेलन गर्नु परेमा साथै भागवत् सप्ताह लगायत कुनै पनि कार्यको लागि हामीलाई सम्झनुहोस् ।
हामीकहाँ शुद्ध शाकाहारी भोजनको मात्र व्यवस्था हुनेछ ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
उप-सम्पादक
बिना अधिकारी
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
साजसज्जाः बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-
वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान
विर्तामोड, झापा ।
फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान
लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल
फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क ५ २०७९, पूर्णाङ्क २०१

माघ २०७९

आइतबार	१	८	१५	२२	२९
सोमबार	२	९	१६	२३	गौरी
मङ्गलबार	३	१०	१७	२४	गौरी
बुधबार	४	११	१८	२५	गौरी
बिहीबार	५	१२	१९	२६	गौरी
शुक्रबार	६	१३	२०	२७	गौरी
शनिबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध....!

यस गौरी मासिकको वार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

सम्पर्कः
कामपा-८, भुवनेश्वरी मार्ग पशुपति
मोवाइलः ९८४१५३३७८७, ९८०३८८६६७

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

कर्मयोग, भक्तियोगको महिमा र ध्यानविधि

यो चित्त चिन्तन गर्दा–गर्दा विषयाकार हुन्छ र विषय चित्तमा व्याप्त भइहाल्छ, यो सत्य हो, तर पनि विषय र चित्त यी दुवै जीवका देह हुन् । आत्माको चित्त र विषयका साथ केही पनि सम्बन्ध छैन । यस कारण यी दुवैलाई आफ्नो आत्मादेखि भिन्न जानेर र परमात्माको साक्षात्कार गरेर यस मिथ्याभेदलाई त्याग गरिदिनुपर्छ । जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्थाहरू त केवल बुद्धिका वृत्तिहरू हुन् । सच्चिदानन्दको स्वभाव होइन । यी वृत्तिहरूको साक्षी हुनाले जीव यसभन्दा भिन्न हो, विलक्षण हो । यो सिद्धान्त श्रुतिसङ्गत, युक्तियुक्त र अनुभूतिपूर्ण हो किनभने बुद्धिका वृत्तिहरूद्वारा हुने यो बन्धन नै आत्मामा त्रिगुणमयी वृत्तिहरूको आरोप गर्छ । यस कारण मानिसले परमतत्त्वमा स्थित भएर यस बन्धनलाई त्याग्नु नै उचित हो । यो बन्धन अहङ्कारको नै रचना हो र यसैले आत्माको स्वरूपलाई लुकाइदिन्छ ।

जस्तै रक्सी खाएर उन्मत्त मानिसले त्यसका शरीरमा वस्त्र छ अथवा खस्यो त्यो देख्दैन । त्यस्तै सिद्ध पुरुष जुन शरीरले त्यसले आफ्नो स्वरूपको साक्षात्कार गरेको छ त्यो शरीर उभिएको, बसेको, कतै गएको, आएको यी कुराहरूमा दृष्टि दिँदैन । शारीरिक क्रियाको त के कुरा, त्यसले त्यस्तै आफ्नो शरीरलाई यसरी आफ्नो ठान्दैन, जस्तै जाग्रत् मानिस स्वप्नावस्थाका शरीरलाई साँचो ठान्दैन । सनकादि ऋषिहरू हो ! मैले जुन तपाईंहरूसित कुरा भनेको त्यो साङ्ख्य र योग दुवैको गोपनीय रहस्य हो । उद्धवजीले पुनः प्रश्न गरे– श्रीकृष्ण ! महात्माहरूले कल्याणका जुन अनेक साधन भनेका छन्, ती सबैका सबै उत्तम हुन् अथवा केही मात्र ? हजुरले त अहिले भक्तियोगलाई सबैभन्दा बढी कल्याणकारी भन्नुभयो, किनभने यसैद्वारा हजुरमा मन दृढताले तन्मय भइहाल्छ ।

क्रमशः

आवरण परिचयः

बज्रबाराही मन्दिर

उपत्यकाका चार बाराहीहरू श्वेतबाराही, नीलबाराही, धूमबाराही मध्ये दक्षिण चापागाउँमा रहेको बज्रबाराही पनि एक हो । धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक महत्व बोकेको पेडोला शैलीमा निर्माण गरिएको यो मन्दिर जंगलको बीचमा अवस्थित छ । तर मन्दिरको गजुर छैन । यसको वरिपरि मसान रहेको छ ।

'बाराही' शब्द 'बराहको स्त्रीलिंगी रूप हो । यस्ता स्त्रीदेवीको कल्पना ऐतिहासिक रूपले छैठौ – सातौ शताब्दी तिर भएको मानिन्छ । बाराही देवी अष्टमातृका गणमा सबैभन्दा शक्तिशाली देवी हुन् बौद्ध र हिन्दु दुवै धर्मको प्रतिनिधित्व हुने गरी पुजिने देवी भएकीले बज्रबाराही भनिन गएको हो । यिनको पूजा आराधना गर्नाले जीवनमा आइपर्ने बाधा भय आदि नास हुन्छन् ।



पाटनका राजा श्रीनिवास मल्लले यो मन्दिर बनाउन लगाएको बुझिन्छ । ने.सं. ७८६ मा यी देवीको सूनको मूर्ति बनाई जात्रा गरेको भाषा वंशावलीमा उल्लेख छ । मन्दिर अगाडिको महिष मूर्ति राजा विष्णु मल्लले ने.सं. ८३२ मा स्थापना गरी ने.सं. ८५२ मा मन्दिरको मर्मत गरेको देखिन्छ । शुरूमा मन्दिरको छाना झिंगटी र मर्मत पछि पहिलो तलाको छाना सानो टायल र दोस्रो तलाको छाना कर्कटपाताले छाएको थियो । पछि पुरातत्व विभागको सहयोगमा वि.सं. २०५७ मंसिर ३० गते मन्दिरको दुई तलामा तामाको छाना हाली निर्माण सम्पन्न गरेका थिए ।❖

सम्पादकीय

सकारात्मक सन्देशको सम्वाहक

मननशक्तिले युक्त प्राणी नै मानव हो । मानव जहिल्यै पनि चिन्तन, मननद्धारा निर्देशित हुन्छ । उसले गर्ने हरेक क्रियाकलापमा उसको विचारको प्रत्यक्ष प्रभाव रहेको हुन्छ ।

मानव मात्र एक यस्तो प्राणी हो जो आफ्ना भावना, विचारलाई अभिव्यक्त गर्न सक्दछ । विचारमा अत्यन्त तेज शक्ति रहने कुरा खप्तड बाबाले आफ्नो पुस्तक 'विचारविज्ञान'मा बताउनु भएको छ भने यही सत्यलाई वैज्ञानिक आधारले समेत पुष्टि गरी सकेको छ । विचारद्धारा उत्पन्न भावहरूले जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेका हुन्छन् ।

विचार प्रवाह गर्ने विभिन्न माध्यम छन् । वर्तमान आधुनिक समयमा आएर वैज्ञानिक आविष्कारले विचार सम्प्रेषणलाई अझ सहज बनाएका छन् । एक स्थानमा व्यक्त प्रसङ्गहरू क्षण भरमानै विश्व जगत्मा प्रवाहित भइसकेका हुन्छन् । त्यस्ता विचार हरूले ऊ स्वयंलाई मात्र नभइ समाज, राष्ट्र र कतिपय अवस्थामा त सारा विश्वलाई नै प्रभावित पार्दछ ।

मानवमा सकारात्मक तथा नकारात्मक दुवै प्रकारका विचार उत्पन्न हुने गर्दछन् । यदि सकारात्मक वा सद्विचारको प्रवाह हुन सक्यो भने यसले सो विचारका अनुयायी सबैलाई सुमार्गतर्फ डोऱ्याउछ भने कुविचारले गन्तव्यहीन यात्रातर्फ अघि बढाउँछ । या त यसले पुऱ्याउने गन्तव्य पनि खराव नै हुन्छ । यसर्थ आफूमा सद्चिन्तन, सद्विचार उत्पन्न हुने वातावरण सिर्जना गर्नुपर्दछ ।

विचार शुद्धिकरण गर्न सद्साहित्यको अध्ययन पनि एक प्रभावकारी माध्यम हो । हामीले अध्ययन गर्ने साहित्यहरू सदैव जीवनलाई सकारात्मक दिशातर्फ अघि बढाउने हुनु पर्दछ । धर्म, संस्कृति, संस्कार एवम् परम्परालाई आत्मसाथ गर्दै विगत १८ वर्षदेखि आध्यात्मिक साहित्यको प्रकाशनमा लागेको 'गौरी मासिक' यस्तै सकारात्मक सन्देशको सम्वाहक हो । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

सरस्वती वन्दना आचार्य गोविन्द रेग्मी ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

समाधिमा.. श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ८

समसामयिक

बढ्दो प्रतिक्रियात्मक.. घनश्याम कोइराला ११

योग

योग विद्याको... उद्धवप्रसाद भट्टराई (चैतन्यदीप) १५

महिमा

देवघाटधामको महिमा डा. गुरुप्रसाद सुवेदी १८

चिन्तन

बुद्धिका .. सहप्रा. डा. विनुबाबा अर्याल २१

संस्कार

चरित्रः हाम्रो ...... भागवतश्री न्यौपाने २६

विश्लेषण

वैदिक संस्कृतिमा.... वेदप्रसाद पन्त २९

परम्परा

पशुपति क्षेत्रका........ शङ्करमान भण्डारी ३२

उपदेश

भगवान् गौतमबुद्धका ..... रामबहादुर तामाङ ३५

सरस्वती वन्दना



आचार्य गोविन्द रेग्मी

फौर्दै शैल उँचा उमार्नु छ नयाँ उत्साहका पीपल ।
पाऊँ झट्ट सरस्वती हजुरको आशीष गंगाजल ।
त्यो विज्ञान दिनू कि चुम्न म सकूँ आनन्दको शीतल
आँफै भित्र दियो जगाइ म बुझौँ सूर्य प्रभा उज्वल ।१।

बुझ्नैपर्छ प्रवाह हो समयको विज्ञानको यो गति ।
दौडेको दुनियाँ नियाल्न म सकूँ गम्भीर होस् यो मति ।
झट्टै खोल्नु छ यी सबै प्रविधिका साङ्ला र गाँठाहरू ।
पुर्नैपर्छ विदीर्ण, नास्तिक सबै बाटा र घाटाहरू ।२।

खाली, शून्य, जरा र मृत्यु पथको विज्ञानको ज्ञान होस्-
मिथ्या ज्ञान विरूध्द ज्ञान अथवा अज्ञानको ज्ञान होस् !
धर्माधर्म विधर्म, धर्म-परका जान्नू छ सारा थिति ।
प्रज्ञादातृ सरस्वती भगवती पाऊँ छिटै सम्मति ।३।

आगोमा हिउँको र अग्नि हिउँमा घुल्दै गरेको बुझौँ
धर्तीले पनि वेदका ध्वनिहरू पढ्दै गरेको सुनौँ ।
कालो रात म घामको र जुनको आभा प्रभामा डुलौँ
सम्झोस् यो दुनियाँ सयौँ, तर म यो सन्सारलाई भुलौँ ।४।

ब्रह्माको लिपि विज्ञ, हे जगतकी अज्ञान प्रध्वंशिनी-
काम क्रोध र लोभ मोह मद औ मात्सर्य विध्वंसिनी ।
हे शुक्लाम्वर धारिणी श्रुतिसुधा हे वेदमाता जया !
हे वेदार्थ प्रदायिनी भगवती पाऊँ म प्रज्ञा नयाँ ।५।❖

ओंकार योग आयुर्वेद गुरूकुल
पालुङ्टार न.पा- ७ गोरखा

गीता द्वितीय अध्याय

सांख्ययोग



-आचार्य खेमराज केशवशरण

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ।१२।

अन्वयः न एव अहम जातु न आसम्, त्वेम्, इमे जनाधिपा (न आसन् इति) अतः परंपयं सर्वे व भविष्यामः (इति) च न एव ।

सरलार्थः म पहिले प्रकट भएको थिइन भन्ने पनि होइन । तिमी र यी सबै राजाहरू पनि पहिले थिएनौ भन्ने होइन । अब पछि पनि हामी सबै हुनेछैनौं भन्ने होइन । तिमी म यी राजाहरू हामी सबै पहिले पनि थियौं र पछि पनि हुनेछौं ।

भावार्थचन्द्रिकाः यो संसारमा प्राणीहरूआइरहन्छन्। गइरहन्छन् । आउने जाने प्रक्रियाभित्र तिनीहरूको भूमिका भिन्नाभिन्नै हुन्छ । भगवान् पनि आफ्नो सृष्टिको संरक्षणका निमित्त आफ्नो भूमिकामा प्रकट र अन्तर्धान भइरहनुहुन्छ । यो सृष्टिको प्रवाह अनादि कालदेखि चलिरहेको छ र चलिरहनेछ । आत्माको शाश्वत अस्तित्व छ । आत्माको रूपमा जीवमात्र सबै शाश्वत छन्, सनातन छन् ।

अहिले जो जुन भूमिकामा रहेका होऊन् ती पहिले यसै भूमिकामा नभए पनि आफ्नै भूमिकामा रहेर पनि संसार यात्रा गरिरहेका छन् । आत्मसत्ताको दृष्टिले विचार गर्दा पहिले पनि सबै थिए, पछि पनि सबै रहन्छन् । शरीर मात्रै सबैका नश्वर छन्, परिवर्तनशील छन्, विकारयुक्त छन्, तर आत्मा त शाश्वत र सनातन छ । परिवर्तनरहित र निर्विकार छ । यस प्रकार यस श्लोकमा नाशवान् र अविनाशीलाई स्पष्ट पारिएको छ ।

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ।१३।

अन्वयः यथा देहिनः अस्मिन् देहे कौमारं यौवनं जरा च (भवन्ति) तथा (एकस्मिन्नेव जीवने) देहन्तरप्राप्तिः (भवति) तत्त धीरः न मुह्यति ।

सरलार्थः जसरी प्राणीको यसै शरीरमा पहिले कुमारअवस्था त्यसपछि यौवन अवस्था र अन्त्यमा वृद्धावस्था आउँछ, त्यसैगरी एउटै अनन्त जीवनभित्र अनेकौं देहहरू बदलिरहन्छन् । धीर पुरुष त्यसमा मोहित हुँदैनन् ।

भावार्थचन्द्रिकाः कुमार अवस्था, युवा अवस्था र वृद्ध अवस्था; यी एउटै शरीरमा बदलिबदलिकन आइपुग्दछन् । तर आत्मा चाहि कुमारावस्थामा, युवावस्थामा र वृद्धावस्थामा उही नै हुन्छ । आत्मा उही भएको हुनाले यी सबै अवस्थाहरूमा आफैं रहेको, आफैं बाँचेको अनुभव गर्दछ । बुढेसकालमा पुगेको मानिस आफ्नो बाल्यावस्था र जवानीको संझना गर्दै बाल्यावस्थामा म यस्तो थिएँ, यसो गर्थें भनेर बितेका समयको चर्चा गर्दछ । त्यसै गरी शरीरको लामो अवधिभित्र बाल्यावस्था, जवानी र वृद्धावस्था बदलिबदलिकन आएजस्तै जीवनको लामो अवधि भित्र एक देहपछि अर्को गरेर देहले स्वयं पनि बदलिन पुग्दछ । त्यस्तो हुँदा धीर पुरुष यो एउटा विश्रामस्थान बदलेको मात्र हो भन्ने अनुभव गर्दछन् । मोहले उनीहरूलाई अलमल्याउन सक्दैन । उनीहरू त्यसलाई मोहग्रस्त नभैकन यथार्थ सत्यका रूपमा स्वीकार गर्दछन् । एउटा अवस्थापछिको अर्को अवस्थाको आगमन अवस्थाको सामान्य परिवर्तन हो । एउटा शरीर पछिको अर्को शरीर परिवर्तन चाहिं अलि लामो अवधिको परिवर्तन हो । यस्तो सोचेर समजदारहरू कहिल्यै पनि मोहित हुँदैनन् ।

शरीरमा आउने अवस्था परिवर्तनका छ वटा स्थिति मानिएका छन्– जायते, तिष्ठति, वर्धते, विपरिणमते, अपक्षीयते, नश्यति, निरूक्त अर्थात् पैदा हुन्छ, रहन्छ, बढ्छ, बदलिन थाल्छ, घट्न थाल्दछ, नाश हुन्छ । यी सबै शरीरका धर्म हुन् । मृत्युले आत्माको अस्तित्वमा कुनै असर पर्दैन । धीर भनेर त्यसलाई भनिन्छ, जसमा

विकारको परिस्थिति रहँदा पनि चित्तमा विकार उत्पन्न हुँदैन । अनित्य वस्तुप्रति शोक नगर्न प्रेरित गर्दै त्यसको स्थितिलाई बुझेर सहनशील बन्न सम्झाउनु हुन्छ–

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः ।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ।१४।

अन्वयः हे कौन्तेय ! मात्रास्पर्शास्तु शीतोष्णसुखदुःखदाः आगमायायिन? अनि त्याः (सन्ति) हे भारत तान् तितिशस्व ।

सरलार्थः हे वीर माता कुन्तीका पुत्र ! इन्द्रियहरूको विषय संसर्गले जाडो, गर्मी, सुख र दुःख जस्ता द्वन्द्वहरूलाई बढाउँदछ, तिनीहरू आउने जाने र अनित्य छन् । हे भरतकुलका भूषण अर्जुन ! तिनीहरूलाई सहू ।

भावार्थचन्द्रिकाः मात्रास्पर्श शब्दले यहाँ इन्द्रियहरूको विषयहरूसितको सम्पर्कलाई लिइएको छ । प्राणीमात्रले शरीर रक्षाका लागि पनि केही न केही अंश विषयबाट पनि नलिइनहुने हुन्छ । शब्द, स्पर्श, रूप, रस र गन्ध यी मध्ये धेरै मात्रामा सबै नै विषय नलिइनहुने खालका हुन्छन् । अनि इन्द्रियहरू विषयसँग सम्पर्कमा पुग्नासाथ जाडो, गर्मी, सुख, दुःखअनुकूल, प्रतिकूल जस्ता द्वन्द्वहरू आइपुगिहाल्छन् । केही बेर सुख अनि दुःख, केही बेर जाडो अनि गर्मी, केही बेर अनुकूल अनि प्रतिकूल । इन्द्रियजन्य दुःखको रूपै यही हो । एकनाश सुखै सुख र अनुकूलै अनुकूल त कहिल्यै सम्भव हुन्न । जससँग संयोग हुन्छ, उसँग विगोग पनि हुन्छ । प्रतिकूलभन्दा प्रतिकूल लागे पनि कर्तव्य त्याग्न कहिल्यै हुन्न भन्ने कुरा यहाँ सम्झाइएको छ । प्रतिकूल परिस्थितिहरूबाट विचलित नभइ सहनशील बन्दा प्राप्त हुने फल बारे भगवान् अब यहाँ प्रकाश पार्नुहुन्छ–

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ।१५।

अन्वयः हे पुरुषर्षभः एते समदुःखसुखं चं धीरं पुरुष न व्यथान्ति, सः अमृतत्वाय कल्पते ।

सरलार्थः हे पुरुषहरूमा सर्वश्रेष्ठ अर्जुन ! दुःख र सुखमा समान रहने जुन धीर पुरूषलाई यी अग्रमायायी द्वन्द्वहरूले विचलित तुल्याउँदैनन् त्यो धीर पुरूष नै अमृततत्त्वको भागी बन्दछ ।

भावार्थचन्दिकाः यहाँ भगवान्ले अर्जुनलाई पुरुषर्षभ (पुरूषहरूमा श्रेष्ठ) भन्ने सम्वोधन गर्नुभएको छ । आफूले सोचेभन्दा भिन्न खालको स्थिति आइपऱ्यो भने मानिस त्यसलाई बदल्ने हठ गर्न थाल्दछ जुन सम्भव हुँदैन । तर धीर व्यक्ति चाहिँ प्रतिकूल परिस्थितिलाई बदल्ने हठ गर्नुको साटो त्यस प्रतिकूलताबाट आफ्नो कल्याणको कुरा प्राप्त गरेर सफलतातिर लम्किन्छन् । यश्छ्र्यः स्यान्निश्चितं ब्रूहि नन्मे शिवस्तुते शाधि मां त्वां प्रजन्नाम् भनेर आफूलाई साह्रै मन नपर्दो रूपमा उपस्थित युद्धको स्थितिभित्रैबाट उनले आफ्नो कल्याणको खोजतर्फ रूचि देखाएकोले नै भगवान्ले यहाँ अर्जुनको उत्साह जागृत गरिदिन उनलाई यो सम्वोधन गर्नुभएको छ ।

मनुष्य जीवन विषयसुख भोग्ने लक्ष्यले प्राप्त भएको होइन । विवेकको उज्यालो प्रकाशमा शुभ कर्म गरी कर्तव्यपालनद्वारा अन्त्यमा अमृततत्त्वको भागी बन्नलाई नै मनुष्य जीवन प्राप्त हुन्छ । अमृततत्त्वको प्राप्ति गर्ने त्यो लक्ष्य अनुकूल र प्रतिकूलका द्वन्द्वहरूद्वारा प्रभावित हुनेहरूलाई मिल्न सम्भव हुँदैन । अमृततत्त्वका भागी बन्ने उच्च कोटिका साधकहरू सुख, दुःख अनुकूल, प्रतिकूलजस्ता द्वन्द्वहरूभन्दा माथि उठी आफ्नो अमर आत्माको अनुभूतिद्वारा अमृततत्त्वको प्राप्ति गरेर धन्य बन्दछन् ।

नासतो विद्यते भावो नाभावो विद्ये सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ।१६।

अन्वयः असतः भावः न विद्यते सतः अभावः नविद्यते। तत्त्वदर्शिभिः अनयोः उभयांः अपि अन्तः तु दृष्टः ।

सरलार्थः असत्को अस्तित्व हुँदैन, सत्को अभाव हुँदैन । तत्त्ववेत्ताहरूले यी दुवैको विषयमा यसै तथ्यको टुङ्गो लगाइसकेका छन् ।

भावार्थचन्द्रिकाः भगवान् यहाँ शरीर र शरीरीका बीचको अन्तर देखाउने क्रममा सम्पूर्ण सृष्टिका बारेमा पारमार्थिक सत्यको प्रतिपादन गरिरहनुभएको छ । सत् र असत् बीचको यो अन्तर विश्वव्यापी रूपमा सृष्टिका अङ्ग अङ्गमा चरितार्थ हुन्छ । जुन कुरा उत्पत्ति भन्दा पहिले रहँदैन र नाश भइसकेपछि पनि रहँदैन । बीचको अवस्थामा पनि नित्य बदलिरहन्छ, त्यसलाई असत् भनिन्छ । शरीरादि स्थूल वस्तुहरू सबै यस्तै छन्, त्यसैले यी सबै असत् हुन् । यसको उल्टो आत्मा चाहिं शरीर उत्पन्न हुनुभन्दा पहिले पनि थियो, शरीर छुटिसक्दा पनि रहिरहन्छ र

बीचमा शरीरभित्र देखा पर्ने तमाम् परिवर्तनहरूमा आफू परिवर्तित नभइकन रहन्छ। त्यसैले आत्मा सत् हो। असत् कहिल्यै रहन्न र सत् कहिल्यै नाशिन्न। आत्मा सधैं रहन्छ किनभने सत्को अभाव कहिल्यै हुँदैन । अनि शरीरादि स्थूल पदार्थहरू कहिल्यै रहन्नन्। किनभने यी सबै असत् हुन् र विनाशशील छन्। आत्माको अमरतासम्वन्धी यस प्रकरणमा पण्डित धन् र तत्वदर्शी जस्ता पदको प्रयोगका साथ यिनीहरू आत्माको अमरता र अनात्मा प्रपञ्चको क्षणभङ्गुरता सम्वन्धमा कहिल्यै भ्रममा नपर्ने कुरामा जोड दिइएको छ।

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम्।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ।१७।

अन्वयः येन दूदं सर्वततं तत् तु अविनाशि विद्धि अव्ययस्य अस्यविनाशं कर्तु न कश्चित् अर्हति।

सरलार्थः शरीरका समग्र भागहरूलाई व्याप्त गरेर रहेको त्यस आत्मालाई तिमी अविनाशी सम्झ । यस अविनाशी आत्माको नाश कसैले पनि गर्न सक्दैन।

भावार्थचन्द्रिकाः येन सर्वमिदं ततम् भन्ने वाक्यबाट जसले यो सम्पूर्ण संसार व्याप्त भएको छ भन्ने अर्थ पनि प्रतीत हुन्छ । प्रकरण अनुसार देह र देहीका बीचको अन्तर संझाउने सिलसिला चलिरहेकोले माथिको सरलार्थ नै पहिलो प्रतिपाद्य अर्थ देखापर्दछ। तर सम्पूर्ण संसारलाई व्याप्त गर्ने समष्टि आत्मातिर पनि यसले इङ्गित गर्ने हुनाले एक रूपबाट त्यो पनि अर्थ गर्न नसकिने चाहिँ हुँदैन । किनभने व्यष्टिमा जे छ समष्टिमा पनि त्यही हुन्छ। यथा पिण्डे तथा ब्रह्माण्डे भन्ने दार्शनिक मान्यता अनुरूप व्यष्टि आत्माले शरीरका अङ्ग प्रत्यङ्गलाई व्याप्त गरे जस्तै समष्टि आत्माले यस सम्पूर्ण विश्वलाई व्याप्त गरेको हुन्छ।

समष्टि आत्मा भन्नु र परमात्मा भन्नुमा फरक हुन्न। आत्माका पनि आत्मा हुनाले नै उहाँ परमात्मा कहलाउनुभएको हो । कृष्णमेन मवेहि त्वमात्मानमरिवलात्मनाम्। अर्थात् भगवान् श्रीकृष्णलाई तिमी सम्पूर्ण आत्माहरूको पनि आत्मा सम्झ (भागवत १०/१४) भनेर साधना शास्त्रहरूको निर्देशन नै छ । व्यष्टि आत्मा अंश हो समष्टि आत्मा (परमात्मा) अंशी हुनुहुन्छ । अंशी परमात्मा पनि र अंश आत्मा पनि दुवै नै अविनाशी छन्। त्यसैले व्यष्टि शरीर र समष्टि विश्वरचना दुवैलाई इङ्गित गरेर यहाँ दुवै स्थितिमा स्थूल सत्तालाई व्याप्त गरेर रहने चेतन सत्ता अविनाशी हो भन्ने कुरा प्रतिपादन गरिएको छ। राजविद्या राजगुह्ययोग नामक नवौं अध्यायमा भगवान्ले आफूद्वारा यो सम्पूर्ण जगत् व्याप्त भएको कुराव्यक्त गर्नुभएको पनि छ ।क्रमशः

माघ महिनाका पर्व तथा विदा

१ गते माघ सक्रान्ती, सूर्य उत्तरायण, मकरस्नानप्रारम्भ गोरखकालीपूजा
२ गते भूकम्पसुरक्षा दिवश
४ गते षट्तिलाएकादशीव्रत,
५ गते प्रदोषव्रत,
६ गते बालाचतुर्दशी, शतविज छर्ने
७ गते दर्शश्राद्ध, हलो तथा निसिबार्ने, आर्यघाटमा माधवनारायण मेला, परासी त्रिवेणीमेला
८ गते श्रीवल्लजयन्ती, सोनमल्होसार/तामाङल्होछार
११ गते तिलकुन्द चौथी
१२ गते वसन्तपञ्चमी, वसन्तश्रवण
१३ गते स्कन्दषष्टी
१४ गते अचलासप्तमी
१५ गते अष्टमीव्रत, गोरखकालीपूजा, भीमाष्टमी
१६ गते द्रोण नवमी, शहीद दिवस
१७ गते शल्यदशमी, वैतडी विश्वनाथ मन्दिरमा पूजा
१८ गते भीमाएकादशीव्रत, गीता जयन्ती
१९ गते प्रदोषव्रत, भीष्मद्वादशी, वटुमाघयात्रा
२० गते सौभाग्य शूर्पदान
२१ गते श्रीपशुपतिनाथको छायाँ दर्शन
२२ गते पूर्णिमाव्रत, श्रीस्वस्थानीव्रत समाप्ति, माघस्नान समाप्ति,
२९ गते रविसप्तमीव्रत, देवघाटमेला समाप्त

प्रार्थना-रहस्य

समाधिमा श्रीरामकृष्ण

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

हाजरा आएर बसे। यताउतिको एक दुई कुरा गरेर श्रीरामकृष्णले भन्नुभयो, 'हेर हिजो रामकहाँ त्यतिका मानिसहरू बसेका थिए। विजय, केदार आदि। फेरि पनि नरेन्द्रलाई देखेर मलाई त्यति उद्दीपना किन भयो ? मैले देखेँ केदार कारणानन्दको घरको हो।'

श्रीरामकृष्ण महाष्टमीको दिन कलकत्ता जानुभएको थियो। देवी प्रतिमाहरूको दर्शनको लागि। अधरकहाँ प्रतिमा दर्शन गर्न जानुभन्दा पहिले रामकहाँ जानुभएको थियो। त्यहाँ धेरै भक्तहरू आएका थिए। नरेन्द्रलाई देखेर श्रीरामकृष्ण समाधिस्थ हुनुभएको थियो। नरेन्द्रको घुँडामा पाउ राखेर उभिई उहाँ समाधिस्थ हुनुभएको थियो।

हेर्दा हेर्दै नरेन्द्र पनि आइपुगे। उनलाई देखेर श्रीरामकृष्णको आनन्दको सीमा रहेन। श्रीरामकृष्णलाई प्रणाम गरेपछि भवनाथ आदिसँग नरेन्द्र त्यही कोठामा कुराकानी गर्नलागे। मास्टर नजिकै छन्। कोठामा लामो गुन्द्री ओछ्याएको छ। नरेन्द्र कुराकानी गर्दै गुन्द्रीमा घोप्टो गरी पल्टिए। उनलाई हेर्दै गर्दा श्रीरामकृष्ण सभाधिमग्न हुनु भयो। उहाँ नरेन्द्रको पिठ्युमा गएर बस्नुभयो, त्यहीँ समाधिमा डुब्नुभयो।

भवनाथ गाइरहेका छन् (भावार्थ): "आमा आनन्दमयी भएर मलाई निरानन्द नगरी दिनुहोस्। हजुरका कमलचरण छोडेर मेरो मन अरू केही चाहँदैन। यो मलाई दोषदुष्ट भन्दछ, तर मेरो बुद्धिमा आउँदैन, मेरो दोष के थियो। हजुर नै मलाई भनिदिनुहोस्। आमा मेरो त यही इच्छा थियो– भवानीको नाम लिएर भवसागरबाट पार हुनजाऊँ। स्वप्नमा पनि मलाई थाहा थिएन अपार समुद्रमा मैले यसरी डुब्नु पर्नेछ। दिनरात म दुर्गानामको रट लगाइरहेछु, तै पनि मलाई थाहा थिएन कि अपार समुद्रमा मैले यसरी डुब्नु पर्नेछ।"

"रातदिन म दुर्गानामको रट लगाइरहेछु, तै पनि मेरो दुःखको राशि हट्दैन। हे हरसुन्दरी यस पालिमा यदि म मरें भने हजुरको दुर्गा नाम अरू कसैले लिने छैन।"

श्रीरामकृष्णको समाधि टुट्यो। उहाँले दुई वटा गीत गाउनुभयो। एउटाको भाव यस्तो छ– "श्रीदुर्गाको नाम जप गर ए मेरो मन ! आमा ! दुःखी दासमाथि दया गर्नुभयो भने हजुरका गुणहरू पनि मेरो बुद्धिमा आउनेछन्। आमा हजुर सन्ध्या हुनुहुन्छ। दीपक हुनुहुन्छ, हजुर नै यामिनी हुनुहुन्छ। कहिले त हजुर पुरूष हुनुहुन्छ, कहिले स्त्री। आमा रामरूपमा त हजुरले धनु धारण गर्नुभएको छ र कृष्णरूपमा हातमा बाँसुरी लिनुभएको छ। आमा मुक्तकुन्तला भएर हजुरले शिवलाई मुग्ध पारिदिनु भएको थियो। हजुर नै दश महाविद्याहरू हुनुहुन्छ र हजुर नै दशावतार। यसपालि, कसै गरी पनि आमा मलाई पार गराइदिनुहोस्। आमा ! जवापुष्प र बेलपत्रले यशोदाले हजुरको पूजा गरेकी थिइन्। हजुरले कृष्णलाई उनको काखमा हाली दिएर उनको मनोकामना पूरा गर्नुभएको थियो।

आमा यता उता लडिरहने गर्छु, कहिले त जंगलमै लडिरहन्छु, तर मेरो मन हजुरको श्रीचरणमा नै लागिरहेको हुन्छ। आमा, म यता उता दुर्भाग्यको बन्धनमा परेर आफ्नो भाग्य देखेर रून्छु। जे होस् मलाई यसको पनि दुःख छैन, यही प्रार्थना छ कि अन्त समयमा जिब्रोले हजुरको

नाम उच्चारण गरिदेओस् । यदि हजुर मलाई अन्तै जा भन्नुहुन्छ भने हे आमा यति त भनिदिनुहोस् म कसका नजिक जाऊँ ?

"अरू ठाउँमा यो अमृत मधुर हजुरको नाम मैले कहाँ पाउन सक्छु ? हजुरले जति नै छोड्, छोड् भन्नुहोस् तर म हजुरलाई कदापि छोड्ने छैन । म पाउजु बनेर हजुरका श्रीचरणमा छमछम बज्दै रहने छु । आमा जब हजुर शिवका निकट बस्नुहुनेछ, तब हजुरको चरणमा म जय शिव जय शिव भन्दै बज्दै रहनेछु ।"

समाधि र नृत्य

हाजरा उत्तरपूर्वी बरण्डामा हरिनामको माला लिएर जप गर्दैछन् । श्रीरामकृष्ण अगाडि आएर बस्नुभयो र हाजराबाट माला लिएर जप गर्न लाग्नुभयो । साथमा भवनाथ र मास्टर छन् । दिउँसोको १० बजेको समय होला ।

श्रीरामकृष्ण– (हाजरासँग) हेर, मबाट जप हुँदैन । हैन, हैन हुन्छ कि । बायाँ हातबाट हुन्छ, तर उता नाम जप फेरि हुँदैन ।

यति भनेर श्रीरामकृष्ण नाम जपको चेष्टा गर्न लाग्नुभयो, तर जपको आरम्भ गर्नासाथै उहाँलाई समाधि लाग्यो । श्रीरामकृष्ण यसै समाधि अवस्थामा धेरै वेर बस्नुभयो छ । हातमा माला अझै छ । भक्तगण निर्वाक् भएर हेरिरहेछन् । हाजरा आफ्नै आसनमा बसेका छन् ।

उनी पनि चुपचाप श्रीरामकृष्णको समाधि अवस्था हेरिरहेका छन् । धेरै बेरपछि श्रीरामकृष्णलाई होस भयो । उहाँले भन्नुभयो, "भलाई भोक लागेको छ ।" साधारण अवस्थामा आउनका लागि श्रीरामकृष्ण प्रायः यसै गरी भन्ने गर्नुहुन्छ ।

मास्टर खाना लिन जान लागे । श्रीरामकृष्णले झट्ट भनिदिनु भयो, "होइन भाइ पहिले कालीमन्दिर जान्छु ।"

छापेको पक्का आँगन हुँदै श्रीरामकृष्ण कालीमन्दिरतिर जाँदै हुनुहुन्छ । जाँदै गर्दा बाह्रओटा शिवालयका शिवलाई प्रणाम गर्दै हुनुहुन्छ । बायाँतिर राधाकान्तको मन्दिर छ, राधाकान्तलाई हेरेर उहाँले प्रणाम गर्नुभयो । कालीमन्दिर पुगेपछि मातालाई प्रणाम गर्नुभयो र आसनमा बसेर माताका पादपद्ममा फूल चढाउनुभयो । पछि आफ्नै शिरमा पनि फूल राख्नुभयो । फर्कदा खेरि भवनाथलाई भन्नुभयो । यो सब लिएर जा, माताको प्रसाद, नरिवल र चरणामृत ।

श्रीरामकृष्ण कोठामा आउनुभयो । साथमा भवनाथ र मास्टर छन् । हाजराको अगाडि पुग्ने बित्तिकै उहाँले प्रणाम गर्नुभयो । "यो के गरेको ? हजुरले के गरेको यो" भन्दै हाजरा चिच्याउन थाले ।

श्रीरामकृष्ण– तिमी भन्न सक्छौ यो अन्याय भयो ?

हाजरा तर्क गरेर प्राय यो भन्ने गर्थे ईश्वर सबैका भित्र हुनुहुन्छ । साधना गरेर सबै जना ब्रह्मज्ञान प्राप्त गर्न सक्छन् ।

दिन धेरै चढिसकेको छ । भोगको आरतीको घण्टा बजिसकेको छ । ब्राह्मण, वैष्णव र कंगाल जति सबै अतिथिशालातिर गइरहेका छन् । सबै जनाले माताको प्रसाद पाउनेछन् । अतिथिशालामा कालीमन्दिरका कर्मचारीहरू जहाँ बसेर प्रसाद पाउँछन् त्यहीँ नै भक्तहरूलाई पनि प्रसाद पाउने बन्दोवस्त भइरहेछ । श्रीरामकृष्णले भन्नुभयो । सबै जना त्यहीँ गएर प्रसाद लिए हुन्न के ? (नरेन्द्रलाई हैन, तँ यहीँ भोजन गर् ।)

"लौ, नरेन्द्र तथा मेरो लागि यहीँ नै प्रसादको व्यवस्था होस् ।"

प्रसाद पाएपछि श्रीरामकृष्णले केहीबेर विश्राम गर्नुभयो । भक्त मण्डली बरण्डामा बसेर कुराकानी गर्न लागे । श्रीरामकृष्ण पनि त्यहीँ आएर बस्नुभयो । दुई बजेको समय होला । एक्कासि दक्षिण पूर्वपट्टिको बरण्डाबाट ब्रह्मचारीको जस्तो गेरू वस्त्र लगाएर कमण्डलु बोकेर भवनाथ हाँस्दै आए । श्रीरामकृष्ण र भक्तहरू हाँस्न थाले ।

श्रीरामकृष्ण– (सहास्य) उसको मनको भाव पनि यही हो, यसैले त यस्तो भेष धारण गर्‍यो ।

नरेन्द्र– ऊ ब्रह्मचारी बन्यो भने अब म वामाचारी बनूँ ? (सबैजना हाँस्छन्)

हाजरा– उसमा त पंचमकार, चक्र यी सबै गर्नुपर्दछ ।

श्रीरामकृष्ण वामाचारको कुरा सुनेर चुप रहनुभएको छ । यस कुरामा उहाँले आफ्नो कुनै मत प्रकट गर्नु भएन, खाली हाँसेर उडाइदिनु भयो । र एक्कासि उन्मत्त भएर नृत्य गर्न लाग्नुभयो र गाउन लाग्नुभयो, "आमा अब म कुनै अर्को लालचमा पर्न सक्दिनँ हजुरको अरूणचरणहरूलाई

मैले देखिसकैँ ।"

श्रीरामकृष्णले भन्नुभयो, "आहा ! राजनारायण चण्डी गीत धेरै सुन्दर ढंगले गाउँछ, उनीहरू नाच्दै गाउँछन् । अनि त्यो देश (रामकृष्णको जन्मभूमि कामारपुकुर) को नकुड आचार्यको गीत ! आहा ! कस्तो मधुर हुन्छ र नृत्य पनि उस्तै सुन्दर ! "

पञ्चवटीमा एकजना साधु आएका छन् । बडो क्रोधी स्वभावका छन् । जसलाई पनि उनी गाली गर्दै हिड्छन् । श्राप पनि दिन्छन् । खराउ पड्काउँदै उनी आएर हाजिर भए ।

साधुले सोधे– यहाँ आगो पाइन्छ के ? श्रीरामकृष्णले हात जोडेर साधुलाई नमस्कार गर्नुहुन्छ । जबसम्म त्यहा साधु थिए, तबसम्म हात जोडेर उभिनुभयो ।

साधु गएपछि भवनाथले हाँस्दै भन्न लागे, "साधुप्रति हजुरको कत्रो भक्ति रहेछ ।"

श्रीरामकृष्ण– (सहास्य) अरे, तमः प्रधान नारायण हुनुहुन्छ । जसको यस्तो स्वभाव हुन्छ, उसलाई यसै गरी प्रसन्न पार्नु पर्दछ, यी साधु हुन् नि त ।

एक प्रकारको खेल गोलोक धाम खेलिरहिएको छ । भक्तहरू पनि खेल्दैछन् र हाजरा पनि खेल्छन् । श्रीरामकृष्ण आएर हेर्न लाग्नुभयो । मास्टर र किशोरीको गोटीहरू पाके । (रातो भए) श्रीरामकृष्णले दुवै जनालाई नमस्कार गर्नुभयो ।

भन्नुभयो, "तिमीहरू दुबै भाइ धन्य छौ । (मास्टरसँग एकान्तमा) अब नखेल ।"

श्रीरामकृष्ण खेल हेरिरहनु भएको छ । हाजराको गोटी एक चोटि नरकमा परेको थियो । श्रीरामकृष्णले भन्नुभयो । हाजरालाई के भएको हो ! फेरि ! अर्थात् हाजराको गोटी दुई चोटि नरकमा पऱ्यो । सबै जना जोर जोरसँग हास्न लागे । संसारवाला कोणमा लाटूको गोटी थियो । एकै चोटीमा सातैवटा कौडा चित् पऱ्यो । यसले गर्दा एउटै चालमा गोटी पस्न गयो अर्थात् रातो भयो । आनन्दको मारे लाटू नाच्न थाले ।

श्रीरामकृष्ण भन्न लाग्नुभयो, "लाटूलाई कति आनन्द भइरहेछ, यदि त उसको गोटी रातो नभएको भए उसलाई दुःख हुन्थ्यो ।"

(भक्तहरूसँग अलगै) "यसको एक अर्थ छ । हाजरालाई ठूलो अहंकार छ कि यसमा पनि खेल म जित्छु भनेर । ईश्वरको इच्छा यस्तो पनि हुन्छ कि साँचो मानिसको हार कहीँ पनि हुन्न । कतै पनि उसलाई अपमान हुन दिनुहुन्न ।" क्रमशः

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

बढ्दो प्रतिक्रियात्मक अराजकताका बीच

स्वस्थानी कथा

–घनश्याम कोइराला

पौष शुक्लपक्ष पूर्णिमादेखि माघ शुक्लपक्ष पूर्णिमासम्म स्वस्थानी व्रत वस्ने र कथा सुन्ने परम्परा सनातन संस्कृतिको प्राचीन परम्परा हो । धर्म र संस्कृतिका विविध आयामलाई विज्ञानसँग तुलना गरेर हेर्ने आधुनिक समाजले यथार्थबोध गर्न सकेन भने स्वस्थानी कथाका विविध प्रसंगलाई स्वीकार नगर्न पनि सक्दछन् । पछिल्ला वर्षहरूमा स्वस्थानी व्रत र कथा प्रारम्भ भएसँगै यसका बारेमा चर्को नकारात्मक प्रतिक्रिया व्यापक बनिरहेको छ । यसका सबै कथा पढिरहँदा, सुनिरहँदा अहिलेको समाजको बिम्ब देखिन्छ । दुःखका हृदयविदारक वर्णन सुन्दा भावुक पनि बनिन्छ । स्वस्थानीमा रहेका प्रायः कथाहरू क्रमबद्ध त होइन, तर प्रसङ्गवश प्रायः सबै कथा मानसपटलमा सुरक्षित छन् र आवश्यक पर्दा उपस्थित हुन्छन् ।

हुन त, एउटै कथा बारम्बार वर्षैपिच्छे पढ्ने, तर त्यसबाट व्यावहारिक ज्ञान आर्जन गरी त्यसलाई जीवनमा नउतार्नेहरू पनि अन्धविश्वासीजस्ता लाग्दछन्, तर अन्धविश्वास र भक्तिमा फरक छ । भक्तिमा अनन्य विश्वास हुन्छ, त्यहाँ त्यसको कुनै विकल्प नै हुँदैन । आफैले आफैलाई प्रगतिशील, विकासवादी, समाज सुधारक, रूपान्तरणकारी भनी हिँड्नेहरूसँग त विकल्प हुनुपर्छ नि ! विना अध्ययन, विना अनुसन्धान ठाडो असहमति र निषेधलाई विज्ञानसम्मत भन्न सकिँदैन, विज्ञानले त्यस्तो अनुमति दिँदैन ।

श्रीस्वस्थानीव्रतकथा पुस्तकको बाहिरी पृष्ठमा देखिन्छ- शिव, पार्वती, कुमार (कार्तिकेय), हात्तीसुँढे गणेशको सामूहिक चित्र अर्थात् 'शिवपरिवार'को चित्र । शिवपरिवार हिमालय पर्वत निवासी परिवार हो । शिवको वाहन नन्दी(गोरू) छ, पार्वतीको वाहन सिंह छ । कुमारको वाहन मयूर छ, गणेशको वाहन छ मूसो । झट्ट हेर्दा चित्र राम्रो देखिन्छ । सतही दृष्टिले हेर्दा वाहियात लाग्छ । अन्तर्वस्तुमा गहिरिँदा मात्र विस्तारै अर्थ खुल्दैजान्छ । देवीदेवतामाथि विश्वासै नराख्नेहरू कलाकारको कलाको रूपमा मात्र हेरे पनि सन्देशगर्भित देखिन्छ । यस्तो छ, शिवपरिवार र शिवपरिवारको चित्र ।

यिनीहरू हिमालयमा बस्दछन् । यिनीहरू सबैका काम पनि फरक–फरक छन् । यहाँ कति धेरै विरोधाभाष छ । सिंह हिंस्रक पशु हो । यसलाई पार्वतीले वाहन बनाएकी छन्, शिवको नन्दी यसको रूचीकर शिकार/भोजन हो । शिवको माला बनेको सर्प जेठा छोरा कार्तिकेयको वाहन मयूरको भोजन हो भने कान्छा छोरा गणेशको वाहन मूसो सर्पको आहारा हो । वासस्थानका हिसाबले हात्ती, सिंह, मूसो, सर्प, नन्दी, मयूर कसैका लागि पनि हिमाल अनुकूल स्थान होइन । तर यो परिवार यी सबै वाहनसँगै हिमालयमा नै बसेको देखिन्छ ।

यो अत्यन्त राम्रो समन्वय र व्यवस्थापनको बिम्ब हो । मिलाएर राख्न सक्दा विपरीतहरू मिलेर बस्न सक्दछन् भन्ने कुराको गतिलो उदाहरण हो । यो पुराण कथामा पढिएको विषय हो । हामी मानवजातिले विकास गरेको भौतिक विज्ञान प्रविधिको प्रयोग गरिरहेका सभ्य भनिएका मानव हौँ । अनेकौँ साधन–स्रोत तथा वैज्ञानिक उपकरणहरूले हाम्रो जीवन सहज बनेको समय हो । तर पनि हामी हिमाल, पहाड, तराई मिलेर बनेको सिङ्गो राष्ट्र र ती ती ठाउँका बासिन्दा मिलेर बस्न आनाकानी गरिरहेका छौँ । एकता भनेको उस्तै–उस्तैमा होइन, पृथकतामा खोजिने विषय हो । मेलमिलाप र समन्वय उस्तै–उस्तैमा नभई फरक–फरकमा खोजिने विषय हो ।

आजको जमानामा समन्वय गरी मिलाएर राख्ने कुरा कुनै शक्तिशाली व्यक्तिले नभई संस्थाले गर्ने विषय हो । हामी नेपालीका सन्दर्भमा त्यो साझा संस्था भनेको राज्य हुन्छ । राज्यको नेतृत्व गर्न तम्सने व्यक्तित्वहरूले यो कुरा ध्यान दिन आवश्यक छ । धर्म, देवीदेवताका नाममा, कूलवंश, परम्पराका नाममा झगडा होइन, मेलमिलाप आवश्यक छ । हामीलाई हाम्रो सनातन संस्कृतिले दिएको शिक्षा यही हो । यो कथा काल्पनिक भए पनि,

चित्र काल्पनिक नै भए पनि अल्वर्ट आइन्स्टाइनको Immagination is Powerful Than Knowledge. (ज्ञानभन्दा परिकल्पना शक्तिशाली हुन्छ) भन्ने यो प्रसिद्ध उक्तिले पुराण र पौराणिक संस्कृतिका अनुयायीहरू कति अग्रदृष्टिका छन् भन्ने स्वतः स्पष्ट हुन्छ ।

यतिबेलाको संसार र समाज कति दुःखी छ । संरक्षण गर्ने जिम्मेवारीमा भएकाहरू संरक्षण गर्न नसकेर दुःखी होलान्, आश्रितहरू संरक्षण नपाएर दुःखी छन् । वर्ग नमिलेर सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । जात नमिलेका कारण सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । क्षेत्र र भाषा नमिलेका कारण सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । धर्म नमिलेका कारण सङ्घर्ष छ र सङ्घर्षका कारण दुःख छ । सङ्घर्षै सङ्घर्ष, दुःखै दुःख ।

यस्तोमा वेद र पुराणहरू मन लगाएर पढेर ज्ञान लिन, कर्तव्य पालन गर्न र शान्ति प्राप्त गर्न सकिन्छ । सुनेर र पढेर मात्र होइन, अवलम्बन गरेर सफलता पाउन सकिन्छ । सबै हिन्दुहरूको धार्मिक ग्रन्थ पुराणहरूमा 'शिव' का कथा छन् । शिव भनेको कल्याण त हुँदै हो, समन्वयका प्रतीक पनि हुन् शिव । शिवको कथाले सङ्घर्षमा होइन, समन्वयमा शान्ति र सुख छ भन्ने पनि देखाउँछ । सङ्घर्षको टुङ्गो नलागी शान्ति हुँदैन, सङ्घर्षको टुङ्गो पनि शान्तिभन्दा पर खोजेर हुँदैन । शिवका कथाले यस्तै भन्दछ । त्यसैले कल्याणकारी व्यवस्था र अवस्थाको सुनिश्चिततामा मात्र समन्वय सम्भव छ । शिवको परिवार र तिनीहरूको समन्वयले मिलाएर शासन गर्न गतिलो नायकले मात्र सक्दछ भन्ने देखाउँछ । यो आजका ' नायक'हरूलाई चुनौती हो ।

पुराण होस् वा अन्य साहित्य, यी भाषाको माध्यमबाट कथा पस्कने माध्यम हुन् । भाषामा शब्द हुन्छ । शब्दको अर्थ हुन्छ र भाव बोकेको हुन्छ । यसरी हेर्दा 'स्वस्थानी'को अर्थ यस प्रकार लाग्दछः 'स्व' भनेको आफू वा आफ्नो भन्ने हुन्छ भने 'स्थानी' भनेको स्थानको भन्ने हुन्छ । तर स्वस्थानीको विस्तारलाई बुझ्न स्वस्थानी शब्दलाई पनि फरक ढंगले नै बुझ्नुपर्ने हुन्छ । यसरी हेर्दा 'स्व' शब्दले– आफू, आफ्नो, आफन्त/बान्धव, धन, चराचर (सृष्टिका सबै)लाई जनाउँछ । 'स्थानी' भनेको स्थान/ठाउँ हो ।

नेपाली समाजमा स्वस्थानी एउटा पारम्परिक पर्व हो । पर्व भनेको संसारमा गरिने विशेष कार्य हो । ' व्रत' भनेको अठोट र सङ्कल्प सहित निष्ठापूर्वक गरिने कर्म हो । 'कथा' भनेको केही ऐतिहासिक विषय, पात्र र घटनालाई आधार बनाएर कल्पित वर्णन हो । यसरी विश्लेषण गर्दा स्वस्थानीको कथा आफ्ना बन्धुबान्धव, सम्पत्ति, जगतका सम्पूर्ण चराचरसङ्ग सम्बन्धित कथा हो । प्रायः सबै धर्मग्रन्थका कथाहरू रूपकका रूपमा रहेको कुरा विद्वान्हरू बताउँछन् ।

कथामा प्रयुक्त केही शब्द तथा व्यक्तित्वका नामको अर्थ केलाउँदा स्वस्थानीले दिन खोजेको सङ्केतको गूढ अर्थ फेला पर्दछ । यहाँ ब्रह्मा, विष्णु, लक्ष्मी, महादेव, शिव, दक्षप्रजापति, विरणी, सती, मधु–कैटभ आदि उल्लेखनीय छन् । गोमा र शिवशर्मा उल्लेखनीय पात्र हुन् ।

विष्णु भनेका श्रीसम्पन्न व्यक्तित्व हुन् । त्यसैले विष्णुलाई भगवान्/ऐश्वर्ययुक्त भनिएको हो । विष्णुको अर्थ व्यापक हो भने विष्णुको पर्यायवाची शब्द हो सनातन । सनातन भनेको सीमारहित, अनादि, अविनाशी(बीजतत्त्व), धर्म आदि हो ।

सर्वव्यापकतामा नै ऐश्वर्य सम्भव हुन्छ । ऐश्वर्यको कुनै खास स्थान हुँदैन । ऐश्वर्य प्राप्त गर्न कुनै स्थान, कुनै समय, कुनै खास वस्तु निर्धारित हुँदैन । ऐश्वर्यको स्थान, काल, विषय असीम हुन्छ । यसै भएकोले विष्णु(व्यापक) र लक्ष्मी (ऐश्वर्य/श्री) सँगै हुन्छन् ।

सृष्टिको आधारलाई कर्ताको रूपमा ब्रह्मा देखाइएको छ । ब्रह्मालाई चार मुख/टाउको भएको देखाइएको छ । चार टाउकाको तात्पर्य हो : चार जातको सृष्टि । 'जात' या 'ज' भएको वा जन्मेको भनेको हो । जस्तैः आत्मज, वंशज आदि । सृष्टि सजातीय छ र ती चार जातका छन् । ती हुन् : उद्भिज (भुइँमा उम्रने), स्वेदज (पसिनाबाट), जरायुज (गर्भासयमा बढेर, सालनालसमेत जन्मने), अण्डज(अण्डा, फुलबाट) । यिनै चार जातको सृष्टिका आदि व्यक्तित्वका रूपमा ब्रह्मा देखाइएको छ र उनका चार टाउका देखाइएको बुझ्न सकिन्छ । ब्रह्माका अन्य व्यक्तित्वका विषयमा अन्यत्र चर्चा गरिनेछ । सृष्टि स्वजातीय मात्र हुन्छ भनिनुको कारण पनि यही नै हो ।

यी चार जातबाट तत्तत् मात्र जन्मन्छन् । प्रकृतिको नियम यही नै हो ।

मधुकैटभ, मधु भनेको मीठो, कैटभ शब्द कीटबाट बनेको हो । कैटभको अर्को अर्थ कपट पनि लगाउन सकिन्छ । मीठो भए पनि कपट सिर्जनाको बाधक हुन्छ भन्ने बुझाउन मधु–कैटभको अन्त्य गर्नुपरेको कथा स्वस्थानीमा पढ्न र सुन्न सकिन्छ । कथा अनुसार यी दुईको चिहानमा नै संसार सृष्टि भएको बताइएको छ ।

सतीदेवीको बाबु हुन्– दक्षप्रजापति । 'दक्ष' भनेको बाठो हो । 'प्रजापति' भनेको जनताको अगुवा वा नाइके हो । प्रकृतिको नियम विपरीत र आवश्यकताभन्दा बाठो हुँदा के हुन्छ भन्ने परिणाम दक्षलाई बाख्राटाउके देखाइनुले स्पष्ट पारेको छ । ठूला ठूला सत्ता यस्तै अनुचित बठ्याइँबाट ढलेका थुप्रै उदाहरण आजको मानव समाजले देखेकै विषय हो ।

सतीदेवीकी आमा अर्थात् दक्षप्रजापतिकी श्रीमती हुन्- विरणी । विरणी भनेको रण वा युद्ध, झगडा आदि गर्न नचाहने भनेको हो । कथामा उनी यस्तै थिइन् भनिएको छ । सती भनेको निष्ठा हो । निष्ठाको जन्म शान्तिबाट हुन्छ । युद्ध, कलह, झगडाबाट निष्ठा जन्मदैन । निष्ठाको कोख शान्ति मात्र हुन्छ भन्ने दृष्टान्त हो : विरणीबाट सतीको जन्म । कथा अनुसार दक्षताको घमण्डले निष्ठालाई बाधा पर्न गयो । दक्षताको घमण्डले निष्ठाको समाप्ति हुन्छ । निष्ठाको समाप्तिको परिणाम ध्वंशको वा अकल्याणको बाटो हो भन्ने विषय स्वस्थानीको कथाबाट बुझ्न सकिन्छ । 'शिव' भनेको कल्याण हो । कल्याण गर्ने 'देव' हुन् भने विपरीत कर्म गर्नेलाई ध्वंशको स्थितिमा पुर्‍याउन त्योभन्दा ठूलो शक्ति देवलाई पनि नटेर्ने 'महादेव' प्रकट हुन्छन् भन्ने राम्रो दृष्टान्त स्वस्थानीको कथामा रहेको छ ।

स्वस्थानी भनेपछि थुप्रै 'प्रगतिशील अन्धविश्वासीहरू' नाक खुम्च्याउँछन्, आँखीभौँ बङ्ग्याउँछन् र खिसीट्युरीको भाषा बोल्छन् । घरायसी, सामाजिक र राजनीतिक जीवनमा नारी उत्कर्ष, अधिकार तथा सम्मानमा बन्देज र नियन्त्रणको अभ्यासका हिमायतीहरू शिवशर्मा ब्राह्मण र गोमा ब्राह्मणीका बिचमा भएको विवाहको विषयमा नारीवादी भएर देखा पर्दछन् ।

यस्ता मानिसहरू स्वस्थानीको गनौटा एकसय आठ (१०८) रोटी 'छोरालाई दिनू, छोरा नभए मितछोरालाई दिनू, मितछोरा पनि नभए नदीमा बगाइदिनू' लेखिएको विषयलाई निकै उछाल्छन् । त्यतिबेलाको सामाजिक परिवेश, मानिसको चेतना, त्यस कार्यको आसयका बारेमा कुनै अध्ययन, चिन्तन, मनन् नै नगरी स्वस्थानी विरूद्धका प्रवक्ता बन्दछन् । यस्तो प्रवृत्तिका तथाकथित प्रगतिशील भनिने तथाकथित विद्वान्हरू स्वस्थानी व्रत बस्ने, स्वस्थानीको कथा सुन्नेहरूलाई मात्र अन्धविश्वासी भन्दछन्, तर विनामेसै विरोधी कित्तामा उभिनु चरम अन्धविश्वास हो भन्ने बुझ्नतिर लाग्दैनन् । यस्तो प्रवृत्ति अराजक एवम् प्रतिक्रियात्मक प्रवृत्ति हो । स्वस्थानी कथामा दुःख सहने, प्रतिबद्ध रहने, आसक्ति र विरक्तिको समुचित व्यवस्थापन गर्ने, स्थानविशेष र मातृशक्तिको उच्चतालाई महत्त्व दिने, मातृशक्तिले पुरूष–पौरूषशक्तिलाई मातृवात्सल्य प्रदान गर्ने आदि अनेकौँ दृष्टान्तहरू छन् । भक्तहरूले खोजेनन्, निष्ठा मात्र जनाए, तर खोज, अनुसन्धान, अन्वेषणका कुरा गर्नेहरूले स्वस्थानीका अन्तर्वस्तुमा बहुपक्षीय ढङ्गले अध्ययन गरेका निष्कर्ष ल्याउनुपर्ने हो नि । यसो नगरी गरिएका एकपाखे आलोचना पूर्वाग्रही र निषेधमुखी दुष्प्रयास मात्र हो । पुरानोको औचित्य सकिएसँगै स्वतः निषेध हुने र त्यो ठाउँ नयाँले लिने गरेका थुप्रै उदाहरणीय प्रसङ्ग स्वयं स्वस्थानी र अन्य शास्त्रमा पढ्न पाइन्छ । यसको सबैभन्दा गहकिलो सन्दर्भ शक्तिको बहुअवतार हो ।

नेपाली समाजमा बढ्दै गरेको प्रतिक्रियात्मक प्रवृत्ति देख्दा संस्कृत साहित्यको कुनै ग्रन्थमा पढिएको यो श्लोकको स्मृति ताजा भएर आउँछ :

'कर्णामृतं सूक्तिरसं विमुच्य दोषेषु यत्नः सुमहान् खलस्य ।
अवेक्षते केलिवनं प्रविष्टः क्रमेलकः कण्टकजालमेव ॥

यसको भावार्थ हो, 'दुष्ट मानिस कानका लागि अमृततुल्य सुमधुर असल सूक्ति छोडेर ठूला दोषहरू खोज्ने गर्दछ । उँट सुन्दर खेल उद्यानमा पस्छ र त्यहाँ काँडाघारी खोज्दछ ।' हाम्रो पनि यही हाल छ । अनि देश, समाज, परिवार, छिमेकी, साथीसँगी सबै राम्रा हुन् भन्ने चाहना पूरा होला त ? कबीरदासले कतै भनेका छन्, 'बोया पेड बबूल का, आम कहाँ ते होय !' अर्थात् बबूलको रूख रोपेर

आँप कहाँ फल्छ र ?

सुन्दर संसार निर्माण गर्न सुन्दर दृष्टिकोण र स्वच्छ मन चाहिन्छ । भनिन्छ, जस्तो दृष्टि– उस्तै सृष्टि । विगतका कमजोरी हुन् या विशेषता, अहिले ती सबै कुरा जस्ताको जस्तै लागू हुँदैनन् । कट्टरता र कठोरता मानवीय गुण होइनन्, सनातन संस्कृतिका विशेषता होइनन् । हामीले चाहेको समाज पनि चाहेको पनि होइन । परिआउँदा मानिसले कठोर निर्णय र कट्टर व्यवहार गर्नुपर्ला, तर परिआउँदा गर्ने विषयलाई कतै लुकाएर, थन्क्याएर, भण्डारण गरेर राख्नुपर्दछ । यद्यपि प्रसङ् भिन्न छ, उपदेश सदैव ग्राह्य छ, 'गोपनीयं प्रयत्नेन स्वयोनिरिव पार्वति। मारणं मोहनं वश्यं स्तम्भनोच्चाटनादिकम्। भावार्थ , हो, हे पार्वती ! स्वयोनिजस्तै गरी प्रयत्नपूर्वक गुप्त–गोप्य राख्नुपर्दछ । यसो गर्नाले मारण, मोहन, वशीकरण, स्तम्भन र उच्चाटन आदि अभिचारिक उद्देश्यलाई सिद्ध गर्दछ ।' कुञ्जिका स्तोत्रमा मात्र होइन, रूपान्तरणकारी होस् वा रक्षात्मक रणनीति, हलुका पार्नु हुँदैन ।

अहिले हाम्रो नेपाली समाजलाई चाहिएको कुनै कट्टरता होइन र अराजकता त हुँदै होइन । अहिले नेपाली समाजमा धार्मिक तथा सांस्कृतिक अराजकता चरमचुलीमा पुगेको छ । कट्टरताले कट्टरता जन्माउँछ, जस्तैः क्रियाले प्रतिक्रिया जन्माउँछ । निषेधले निषेध नै जन्माउँछ ।

संयमित भएर हेर्ने बुझ्ने प्रयत्न गर्ने हो भने हिजोका वैदिक, पौराणिक, शास्त्रीय विषयलाई निषेध गरेर, स्थापना गर्न खोजिएका सत्ताशक्तिलाई अर्को त्यस्तै निषेधचेत भएको शक्तिले निषेध गर्दै गरेको वर्तमान राजनीतिमा स्पष्ट देख्न सकिन्छ । भौतिकवादी हुन् वा आध्यात्मिक, कुनै पनि विषयलाई बलात् निधेष गर्नु हुँदैन । 'स्वस्थानी'ले पहिचानको, विकासको, समृद्धिको अभिप्रायः वहन गरेको छ । यसभित्र स्वत्व, स्वकर्म, स्वधर्म, स्वसंस्कृति, स्वाभिमानका पक्षहरू छन् । ❖

–सनसिटी, कोलोनी, पेप्सीकोला

गौमाता

श्री १००८ मधुसूदनाचार्य

कांडा डांठ तितो पिरो र नुनिलो टर्रो अमिलो पनि ।
जे दिन्छन् उही खाइ तृप्त रहने चाँडो र ढीलो पनि ॥
बस्छिन् खाडलमा र खालि भुईंमा स्वीकार हीलो पनि ।
झिंगा डांठ जुका छ मन्जुर सबै नत्थी र कीलो पनि ॥१॥

के हो कम्मल द्वार बार डसना तातो कुँडो हुन्छ के ?
मीठो स्वाद हरीत घाँस नभए आत्मा फुटीरून्छ के
छर्छन् गौंत पवित्रता सरलता आरोग्य औ उर्बरा ॥
गाई जीवन हुन् हुन् हुन् गाइ विश्वम्भरा ॥२॥

आमाले दुइचार बर्ष दुधको धारा बगाइन् तर ।
गौमाता प्रतिवर्ष जीवनभरी दिन्छिन् अमृत सुन्दर ॥
गोबर्को मलले बनस्पति सबै हुर्किन्छ हांसी अहो !
बद्लामा उपहार हार शिरमा मिल्दैछ फाँसी अहो !! ॥३॥

गाई हुन् ममता दया सरलता हुन् धैर्यखानी पनि ।
कस्तो त्याज्य कुनै नि छैन बरू छन् स्वीकार्य बानी पनि ॥
रक्षा जीवनको गरौं प्रकृतिको गर्दै जगेर्ना अब ।
गाई खाद्यपदार्थ हैन जन हो ! गोदुग्ध खाऔं अब ॥४॥❖

–श्रीसत्यनारायण मन्दिर, देवघाट, तनहुँ



योगविद्याको उपयोगिता



उद्धवप्रसाद भट्टराई (चैतन्यदीप)

भगवान् शंकरको न जन्म छ, न मृत्यु नै छ। शंकर समयातित ईश्वररूप हुन् । शंकरको समयलाई सत्ययुग मानिन्छ। पार्वतीको भने जन्म वर्णन पाइन्छ। पतञ्जलिले योगको प्रथमवक्ता हिरण्यभर्ग हुन् भन्नु भएको छ । शास्त्रहरूको अध्ययन र अनुसन्धान गर्दा हिरण्यगर्भ भनेकै भगवान् शिव हुन् । यसैले भगवान् शंकर स्वयं नै योग विद्याका प्रवर्तक र सूत्रधार मानिन्छन्।

योगविद्या पहिला शिवले पार्वतीलाई दिनु भयो । पार्वतीलाई दिँदा संयोगवस सुगाले सुन्यो, त्यो सुगा पछि स्वामी शुकदेव मुनि भई जन्मेका थिए । तिनै शुकदेव मुनिले योगको यथार्थ ज्ञान राजा परिक्षितलाई सुनाएका थिए। जुन विद्या श्रीमद्भागवत् महापुराणको रूपमा हामीले पाउन सक्छौं । वैदिक सनातन धर्मको षटदर्शन मध्ये योग र सांख्यदर्शन सबैभन्दा पुरानो मानिन्छ । अष्टाङ्ग योगविद्या कर्म र भक्तिसँग सम्वन्धित छ भने सांख्यदर्शन ज्ञानयोगसँग सम्बन्धित छ। सांख्यमतको प्रादुर्भावसँगै योग विद्याको जन्मभएको अनुमान छ । त्यसैले योग दर्शन सांख्यमतमा आधारित भएको कुरा प्रष्ट हुन्छ।

भगवान् कृष्णले गीतामा भन्नु भएअनुसार योगविद्या सबैभन्दा पहिला उहाँले सूर्यलाई बताएको र सूर्यबाट मनुले थाहापाए। त्यसपछि इक्ष्वाकु, अनि ऋषि, महर्षि र राजर्षिले त्यो योग ज्ञान पाएका हुन् भनिएको छ। यसबाट के बुझ्न सकिन्छ भने ईश्वर एक थिए, चाहे हामी कृष्ण भनुँ, राम भनुँ, शंकर या शिव। अर्थात् हिरण्यगर्भ जे भने पनि नाम अनेक भए पनि एकै तत्त्वले कार्य गरेको रहेछ। त्यस दिव्य योगलाई गुरू परम्परा अनुसार महर्षि व्यास, शुकदेव, राजा जनक हुँदै पतञ्जलिले विस्तार गरिदिएका थिए । पतञ्जलिपछि गुरू मच्छिन्द्रनाथ हुँदै गोरखनाथले हठयोग साधनाको रूपमा संसारलाई दिएका थिए। जसलाई योगी, महर्षि, महात्मा, ऋषि, सन्त तथातपस्वीहरूले जीवननिर्माण साधनाको रूपमा संसारमा प्रचार-प्रसारमा ल्याएका छन्।

'योग'को सामान्य अर्थ जोड वा मिलन हो । पतञ्जलिले योगलाई अनुशासनको अर्थमा लिनु भएको छ । त्यस्तै अर्को अर्थमा चित्तवृत्तिको निरोध गर्नुलाई योग भनिएको छ। आध्यात्मिक अर्थमा भन्नुपर्दा जीवात्मा परमात्मासँग मिल्नु अथवा लय हुनुलाई योग भन्ने भावार्थ बोध गराउँछ।

योगको प्राचीन सोच र ऐतिहासिकतालाई कोट्याउँदा अर्को उदाहरण पनि छ । पशुपतिनाथको उत्पत्तिका सम्बन्धमा पनि ग्वालाहरूले गाई चराउँदा एउटी गाईले दुध चढाइरहेको देखी सो स्थानमा खोतली हेदा ज्योतिर्लिङ्ग उत्पत्ति भएको कथा छ। पशुपतिको उत्पत्तिलाई विचार गर्दा आर्यहरू आगमन हुनु अघि नै सिन्धु सभ्यताको सिर्जना स्तम्भ नेपाल उपत्यकामा भइसकेको अनुमान छ । त्रेतायुगमा कृष्णसँग गाई लिएर पस्ने ग्वाला या गोपाल भनिने आर्यहरूले बाग्मतीको किनारमा खोतल्दा उत्पत्तिभएको पशुपतिको ज्योतिर्लिङ्ग हो । सोही स्थानमा श्रीकृष्णले भगवान् पशुपतिनाथबाट योग विद्या पाएका थिए भनिन्छ। यसरी योग विद्याका महान् गुरू भगवान् श्रीकृष्ण गोपालहरू सहित नेपालमा आगमन भएपछि योग शिक्षा शिवबाट पाएर योगेश्वर भएको देखिन्छ।

उपत्यकाभित्र रहेको मठ, मन्दिर, देवालय, शीलालेख आदिको अध्ययन गर्दा त्यहाँ भगवान् कृष्ण, विष्णु, शिव, लक्ष्मी, दुर्गा र सरस्वतीको ध्यान मुद्राका लाखौं लाख मूर्तिहरू भेटिएका छन्। यसको अर्थ प्राचीन समयदेखि नै नेपाल धार्मिक, सांस्कृतिक एवम् योग, ध्यान रआध्यात्मिक रहस्यले परिपूर्ण भएको देश मान्न सकिन्छ।

काठमाडौं उपत्यकाका दरबारहरूका भित्ता, मन्दिर, गजुर, ढोका तथा झ्यालहरूको अध्ययन गर्दा जहाँ काठ, ढुँगा, शिलाबाट बनेका राधाकृष्णका मूर्तिहरू प्रशस्त भेटिनुले पनि कृष्णको लीला पनि नेपालकै आसपास भएको कुरालाई प्रमाणित गर्न खोज्छ । भगवान् कृष्ण योग विद्याका विशेषज्ञ हुनुमा शिवकै कृपा देखिन्छ । जस्ले महाभारतकालमा अर्जुनलाई योगको दिव्य विद्या दिएको तथ्य श्रीमद्भगवदगीता साक्षी छँदै छ । यही तथ्यलाई केलाउँदा पुरातन संस्कृतिदेखि नेपालमा योग संस्कृतिको प्रचार प्रसार भएको पाइन्छ ।

भारतीय संस्कृतिको प्राचीन इतिहासलाई केलाउँदा पनि सांख्यदर्शनका प्रवर्तक कपिल मुनिले योग विद्यालाई निकै महत्त्व दिएका छन् । त्यस्तै बशिष्ठ, विश्वामित्र, मार्केण्डेय, ऋषभदेव, परशुराम, दत्तात्रेय, वेदव्यास आदि ऋषिहरूले पनि योग विद्याको चर्चा विसद्रूपमा गरेका छन् । जुन योगको दर्शन एवम् ज्ञान शिवकृपाबाट पाएका थिए भन्ने कुरा पुराणका कथाहरूबाट बुझ्न सकिन्छ । तर अष्टाङ्ग योगको वर्णन भने ऋषि पतञ्जलिले नै गरेका हुन् ।

अष्टाङ्ग योगको मूल उद्देश्य शरीरलाई स्वस्थ बनाउनु अर्थात् शारीरिक बल प्राप्त गर्नु, मानसिक स्थिरता, बौद्धिक विकास र आत्मा जागरणमा पुग्नु नै हो । शरीर स्वस्थ भएर मात्र मनुष्य सुखी हुन सक्दैन, मनको एकाताग्रताले पनि सुखी हुन सकिँदैन, बुद्धिको प्रखरता र आत्मा तत्त्वज्ञानले मात्र मानिस अन्तिम सुख पाउन सक्छ । त्यसैले योगको क्रमिक अभ्यासले अन्तमा ज्ञान प्राप्ति हुन्छ । ज्ञान नै मनुष्य जीवनको सर्वोच्च पुरस्कार हो । ज्ञानको उपयोगिता हाम्रा समस्त प्रकारका दुःखबाट मुक्त हुनु हो ।

योगको प्रयोगात्मक अभ्यासले स्वस्थ तथा सार्थक जीवनयापन र आत्मिक स्वतन्त्रतामा सजग तथा सचेत गराएको प्रशस्त उदाहरण मिल्दैआएको छ । त्यसैले योगलाई आध्यात्मिक जीवनमा विशिष्ट पक्षको रूपमा लिने गर्दछन् । योग वैदिक सनातन धर्मको षटदर्शन मध्ये एक प्रमुख अङ्ग मानिन्छ । जसलाई योगी, महर्षि, महात्मा, ऋषि, सन्त तथा तपस्वीहरूले साधनाको रूपमा प्रचार–प्रसारमा ल्याएका हुन् ।

'योग'लाई सामान्य अर्थमा जोड वा मिलन भनिएको भए पनि पतञ्जलिका अनुसार योग जीवन अनुशासनको प्रमुख साधना पद्धति हो भनिएको छ । त्यस्तै अर्को अर्थमा चित्तवृत्तिको निरोध गर्नुलाई योग भनिएको छ । चित्तका वृत्तिहरू निरोध भएपछि मात्र साधक ध्यानमा प्रवेश गर्न सक्छ । ध्यान परिपक्व भएपछि त्यसको गहिराइमा प्रवेश हुन्छ । ध्यानको अन्तिम उपलब्धि समाधि हो । समाधि प्राप्त भएपछि भगवान्को प्रत्यक्ष दर्शन मिल्छ । भगवान्को दर्शन भएपछि साधक शुद्ध, बुद्ध र मुक्त हुन्छ । जसले संसार बन्धनरूपी चक्रमा पर्नु पर्दैन । त्यस्तै योगले शारीरिक सुस्वस्थता, मानसिक सन्तुलन, वौद्धिक विकास र आत्माको जागरण हुन्छ । आध्यात्मिक अर्थमा भन्नुपर्दा जीवात्मा परमात्मासँग मिल्न पुग्छ भन्नुले नै योगको भावार्थ बोध गराउँछ ।

योगको अन्तिम उपलब्धि शुद्ध, बुद्ध, मुक्त, समत्व, स्थितप्रज्ञ, सिद्धता, योगारूढ र स्थिर चित्तको अवस्थामा पुग्नु हो । जुनअवस्थामा साधक जीवतत्त्वबाट माथि उठेर देवत्वमा पुग्दै अन्तमा परमात्मा स्वरूप बन्छ । यसरी योगको अनन्त उपलब्धि छ । योगको उपलब्धिलाई अव्यक्त भनिएको छ । योगको उपलब्धिलाई इन्द्रिय, मन, वाणी र बुद्धिले व्यक्त गर्न सक्दैन भनिएको छ ।❖

–कुमारीगाल, काठमाडौं

देवघाटधामको महिमा

–डा. गुरूप्रसाद सुवेदी

हिमवत्खण्ड देवदेश नेपालको करीव मध्यभागमा पर्ने तनहुँ चितवन र नवलपरासी जिल्लाको मिलनविन्दुको रूपमा रहेको देवघाटधाम भौगोलिक दृष्टिले पूर्व ८५°२२`३०``र ८४°३०`००`` देशान्तर र उत्तर २७°४२`३०`` र २७°४७`३०`` अक्षांशको बीचमा पर्दछ । गोसाइँकुण्डदेखि आएकी स्वेतगंगा (त्रिशूली) र दामोदरकुण्ड एवं मुक्तिनाथदेखि आएकी कृष्णगङ्गा अर्थात् कालीगण्डकीको सङ्गमस्थल नै देवघाटधामको भौगोलिक परिचय हो ।

सरकारी राजपत्रमा उल्लेख भएअनुसार यो क्षेत्र ५४.३४ हेक्टरमा फैलिएको छ । यसको प्राकृतिक विषमता समुद्री सतहदेखि २०० मी.देखि ५७५ मी. सम्म रहेको छ । भित्री तराई र पहाडी धरातलले ओगटेको समशीतोष्ण वातावरण भएको यो क्षेत्र वन्य पशुपन्छीहरूको लागि पनि मनपर्दो वासस्थान हो । यस क्षेत्रमा आयुर्वेदीय गुण भएका जडीबुटीहरू पनि उत्तिकै पाइन्छन् ।

यो परमपावन तीर्थ देवघाटधामलाई शास्त्रहरूमा आदिप्रयाग, हरिहरक्षेत्र, सिद्धाश्रम, देवह्रद आदि नामले परिचित गराइएको पाइन्छ । देवताहरू पनि विहार गर्न आउने भएकाले यस ठाउँलाई देवाट वा देवघाट भनिएको हो । यसको महत्त्व वेद पुराण र अन्य धार्मिक ग्रन्थहरूमा समेत पर्याप्त रूपमा बताइएको छ । यहाँका विशेषताहरू निम्नानुसार छन् –

❖ गङ्गा–यमुनाको सङ्गम प्रयागभन्दा पनि महत्त्वपूर्ण देवदुर्लभ यो देवनदीको सङ्गमलाई 'आदिप्रयाग' पनि भनिन्छ । वेदमा सेती र काली नदीको संगम भएको ठाउँलाई ज्यादै महत्त्वपूर्ण ठाउँ भनी त्यहाँ स्नान गर्नाले स्वर्ग प्राप्त हुने कुरा बताइएको छ ।

❖ यस क्षेत्रमा आएर गरिने यज्ञ, तपस्या, दान र श्राद्ध आदि शुभ कर्महरूको थोरै गरे पनि धेरै गुणा फल मिल्दछ । यस भूमिमा साक्षात् भगवान् नारायण पूर्वाभिमुख भएर रहनुभएको छ । समीपमा दाहिनेतर्फ शिवजी हुनुहुन्छ । यसरी नारायण र शिवजी दुवैको सान्निध्य भएकाले यस क्षेत्रलाई 'हरिहरक्षेत्र' भनिन्छ । यहाँ प्राण त्याग्ने मानिस साक्षात भगवान्को लोकमा पुग्दछ । यहाँ शिव वा विष्णु जसको उपासना गरे पनि अभिन्न रूपमा दुवैलाई प्राप्त गर्न सकिन्छ ।

❖ सृष्टिको प्रारम्भमा यसै पुण्यभूमिमा तपस्या गरेका देवताहरूले भगवान्को दर्शन प्राप्त गरी आ–आफ्नो कर्तव्यको निर्देश र अष्टसिद्धि प्राप्त गर्न सकेका हुन् । देवताको तपस्या र यज्ञबाट प्रसन्न हुनुभएका भगवान्ले यस क्षेत्रलाई प्रयागको संज्ञा दिनुभएको र स्वयं नारायण पूर्वाभिमुख भई रहने तथा शङ्कर पश्चिममुख भई यहाँ नित्य रहने कुरा भगवान्बाटै आज्ञा भएकोले यो हरिहरक्षेत्र भएको प्रसङ्ग स्कन्दपुराणमा उल्लेख गरिएको छ ।

❖ यस क्षेत्रमा दायाँतर्फ भगवान्को गण्डस्थानबाट उत्पन्न मानिने कृष्णा गण्डकी मुक्तिनाथ एवम् दामोदरकुण्डबाट प्रवाहित हुँदै अनेकौँ ससाना नदीहरूलाई साथमा लिई आएकी छिन् भने बायाँतर्फ नीलकण्ठ भगवान् शङ्करको त्रिशूलको प्रहारबाट उत्पन्न मानिने त्रिशूली नदी गोसाईंकुण्डबाट बग्दै वृद्धगण्डकी (बूढी), धर्मावती (दरौँदी) चम्पावती (चेपे), माहेन्द्री (मादी), मत्स्येन्द्री (मर्स्याङ्दी), शुक्लागण्डकी (सेती) र अन्य ससाना नदीहरू साथमा लिई आएकी छिन् । यी सात नदीहरू सप्त मातृकाको रूपमा र सात शक्तिको रूपमा पनि वर्णित छन् । यिनीहरूको संगम भएपछि यस नदीलाई सप्तगण्डकी भनिन्छ । पूर्वमा सप्तकौशिकी, पश्चिममा सप्तसरयूको पनि ठुलो महत्त्व छ तर त्यहाँभन्दा पनि बढी महत्त्व यी सप्तगण्डकीको छ ।

❖ दुई तिरबाट नागबेली पर्दैआएका यी प्रमुख नदीको मिलन भएपछि यस नदीप्रवाहलाई नारायणी भनिन्छ । जसरी नारायणमा पुगेपछि सबै देवताको पृथक् अस्तित्व हुँदैन त्यसरी नै यहाँ आएर सबै नदी एक ठाउँमा मिसिएपछि एउटै नारायणी बन्छिन् । यसको अर्को पनि रहस्यात्मक अर्थ छ । अज्ञान अवस्थामा भेदबुद्धि हुँदासम्म कसैले विष्णुलाई ठुलो मानेर आफूलाई वैष्णव भएकोमा गर्व गर्छन्, कतिपयले आफूलाई शिवोपासक ठानेर पृथक् अस्तित्वको खोजी गर्छन् । तर यहाँ आएर हरि र हर एक हुन्छन् । सबै एक नारायणी बन्छन् । धार्मिक दृष्टिले महत्त्वपूर्ण र प्राकृतिक दृष्टिले पनि अति मनोहर भएको यस स्थानलाई नै 'सङ्गम' भनिन्छ । हरि र हरको प्रतिनिधि भएका दुई नदी आउने र एकै ठाउँमा मिल्ने भएकाले नै यस क्षेत्रलाई हरिहर क्षेत्र भन्न लागिएको हो ।

❖ यो नदीसङ्गममा बेलाबेलामा देवताहरू आएर नुहाउँछन् भन्ने शास्त्रीय मान्यता छ । देवाङ्गनाहरूले सहित भएर

देवताहरू नुहाउन आउने हुनाले नै यस क्षेत्रलाई देवाट वा देवघाट भनिएको हो । विशेष गरी माघेसङ्क्रान्तिको बिहानीपख ब्रह्ममुहूर्तमा यस सङ्गमको बीचमा अमृत प्रवाहित हुन्छ भनेर त्यही अमृतको लाभ लिन अनि देवताहरूको साथ पाउन माघसङ्क्रान्तिको बिहान भक्तजनहरूको मेला लाग्ने गर्छ ।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा यसको ठुलो महिमा बताइएको छ । अहिले पनि यदाकदा भक्तजनहरूले यहाँ बिहानीपख ब्रह्ममुहूर्तमा अनौठो आवाज आउने गरेको सुनेको र कहिले दिव्य ज्योतिको रूपमा देवताहरूको र कहिले ऋषिमुनिहरूको दर्शन पाउने गरेको बताउँछन् ।

❖ सङ्गमको अलि तल नदीप्रवाहको बीचमा सुनौला चक्राङ्कित माछाहरू घुम्ने गर्छन् । त्यहीँ पुण्यात्माहरूका लागि मध्याह्नको समयमा सुवर्णमय कमलपुष्पहरूको दर्शन हुनेगर्छ भनेर वराहपुराणमा उल्लेख गरिएको छ । दुई नदीको सङ्गममा भुमरी पर्नु त स्वाभाविक नै भयो तर त्यहाँ अनौठो दृश्य पनि यदाकदा देखिने प्रत्यक्षदर्शीको भनाइ छ । यस तीर्थलाई चक्रतीर्थ पनि भनिन्छ । यसको दर्शनमात्रको पनि ठुलो महत्त्व छ । पारीपट्टि नवलपर ासीतर्फ सूर्यकुण्डको पनि दर्शन हुन्छ ।

❖ वराहपुराणमा यस देवघाटधामलाई देवह्रद, वटुवामनतीर्थ, चक्रतीर्थ र कदम्बतीर्थ पनि भनिएको छ । यो तीर्थ संगमभन्दा केही तल पर्छ । भगवान्‌को वामन अवतार भएको बेला बलिराजालाई जितेपछि भगवान्‌ले त्रिविक्रम बनी जहाँ चरण राख्नुभयो त्यहाँ एउटा सुन्दर श्रेष्ठ, सुखदायी र देवदुर्लभ तलाउ बन्यो र त्यो क्षेत्र देवह्रद वा वटुवामन तीर्थको रूपमा विख्यात भयो । त्यस तलाउको अर्को विशेषता के हो भने– त्यहाँ शिलाहरू त चक्राङ्कित छन् नै, त्यहाँका माछाहरूमा समेत चक्राङ्कित छन् । त्यहाँ पानीभित्र छत्तीसवटा कमलका फूलहरू छन् । जो सूर्योदयका समयमा पुण्यात्मा व्यक्तिहरूले मात्र देख्न सक्दछन् ।

त्यस देवह्रदमा स्नान गर्नाले सय अश्वमेध यज्ञको फल प्राप्त हुन्छ भने वैशाखमा स्नान गर्दा सय गाई दान गरेको र माघमा स्नान गर्दा प्रयागमा स्नान गरेको बराबर फल प्राप्त हुन्छ । कार्तिकमा स्नान गरे मोक्ष हुन्छ ।

❖ दुई देवनदी (कृष्णा र त्रिशूली) को सङ्गम भएको यस तीर्थमा देवता, गन्धर्व, यक्ष र किन्नरहरू सपत्नीक आएर बस्ने गर्दछन् । यहाँ भेट हुने दुई नदीमध्ये एउटा शिवजीको जटाबाट निस्केकी त्रिशूलगङ्गा (त्रिशूली) र श्वेतगङ्गा (सेती) सहित दृश्य अदृश्य नदीहरू हुन् भने

अर्की भगवान् श्रीकृष्णको शरीरबाट पैदा भएकी कृष्णा गण्डकी हुन् । यी मुख्य नदीको साथमा धेरै तीर्थरूप नदीको सङ्गम भएको हुनाले यस क्षेत्रलाई 'कदम्बतीर्थ' भनिएको छ । विशेष पर्वहरूमा त झन् यहाँ सवै तीर्थहरू आउने गर्दछन् ।

❖ सिद्ध मुनिहरूको निवास भएकाले 'सिद्धाश्रम'को रूपमा विख्यात यस क्षेत्रमा शिवजीले तपस्या गर्ने भएकाले शम्भुतपोवन पनि भनिएको छ । फलफूलहरूले सुशोभित यस सुन्दर क्षेत्रमा देवाङ्गनासहित भई देवताहरूले विहार गर्ने भएकाले यस क्षेत्रलाई 'देवाट' वा देवघाट भनिएको छ । तीन रात्रीसम्म संयमित भई यहाँ निवासपूर्वक स्नान गरे राजसूय यज्ञको फल मिल्दछ र अन्तमा देवलोक प्राप्त हुन्छ । यस क्षेत्रमा दश रात्रिसम्म बास बस्नाले र स्नान गर्नाले शरीर, मन र वचनका पापबाट मुक्ति मिल्दछ । दशौँ अश्वमेध गरेको फल प्राप्त हुन्छ ।

❖ माघे सङ्क्रान्ति, वैशाखसङ्क्रान्ति, साउने सोमवार, एकादशी, पूर्णिमा, बालाचतुर्दशी, शिवरात्रि र चन्द्रग्रहण, सूर्यग्रहण लगायतका पर्वहरूमा स्वदेश तथा विदेशबाट लाखौं-लाख संख्यामा श्रद्धालु भक्तहरू यहाँ आउने गर्दछन्। स्नान, देवपितृतर्पण र दान पुण्य गर्ने गर्दछन् । यहाँ स्नान गरेपछि उस जन्ममा र पूर्वजन्ममा समेत जानेर-नजानेर गरेका सबै पाप नष्ट हुने शास्त्रीय मान्यता छ । अन्यत्र स्नान गर्दा वा कर्म गर्दा प्राप्त हुने पुण्य समयअनुसार क्षीण हुदैजान्छ तर यहाँ आएर गरेका पुण्यकर्महरू क्षीण हुँदैनन् । अर्थात् यहाँ आएर स्नानदानादि कर्म गर्नाले अक्षय पुण्य प्राप्त हुन्छ र आफ्नो जीवन सफल हुन्छ भन्ने शास्त्रीय मान्यता छ र त्यस्तै जनविश्वास पनि छ ।

❖ यस गण्डकीसङ्गमको नजीकमा आएर श्राद्ध, तर्पण र दान आदि कर्म गर्नाले सम्पूर्ण पितृहरूको उद्धार हुने र पुत्रको कर्तव्य पूरा हुने पनि शास्त्रीय मान्यता छ । त्यसैले कुनै अपमृत्यु भएर वा आफ्नै दुष्कृत कर्मका कारणले दुर्गतिमा परेका पितृहरूको उद्धारका लागि पनि यहाँ आएर सप्ताह पुराण आदि लगाउने नारायणबलि, त्रिपिण्डी श्राद्ध आदि कर्म गर्ने अनि लाखबत्ती बाल्ने प्रचलन पनि छ । यसरी पितृउद्धारको कर्म गरेपछि पितृदोष हटेको पितृहरूले आफ्नो उद्धार भएको सङ्केत गरेको कुरा आज पनि सुन्न पाइन्छ ।

❖ यस क्षेत्रमा कल्पवास बस्नाले जन्ममृत्युको चक्रबाट छुट्कारा मिल्ने अर्थात् मोक्ष प्राप्त हुने जनविश्वास छ । कल्पवास भन्नाले मृत्युपर्यन्त म यही तीर्थमा बस्छु, अब म यो तीर्थको सीमाभन्दा बाहिर जान्न भनेर प्रतिज्ञा गरी तीर्थवास गर्नु हो । काशीमा कल्पवास बस्ने पुरानै प्रचलन हो । काशीवासजस्तै महत्त्व कृष्णागण्डकीको किनारमा कल्पवास बस्नुको पनि छ । त्यसैले देवघाटधाममा पनि भक्तजनहरू कल्पवास बस्ने गर्छन् । समयको प्रभाव र परिस्थितिका कारण आजीवन कल्पवासको प्रतिज्ञा नगरेपनि आवधिक कल्पवासको नियम अहिले पनि छ ।

❖ करिब ५०० वर्ष पहिले पाल्पाका राजा मणिमुकुन्दसेनले तपोभूमिको रूपमा देवघाटधामलाई रोजेका थिए । उनले निर्माण गरेका मणिमुकुन्देश्वर लगायत पञ्चदेवल, अझ प्राचीन वागीश्वरी मन्दिर, गणेशस्थान र मौलाकालिका मन्दिर आदिका भग्नावशेष र उपलब्ध मूर्तिहरू देवघाटको पुरातात्त्विक ऐतिहासिक महत्त्वका साक्षी हुन् ।

अन्य मठ-मन्दिर चितवन

❖ यहाँको गलेश्वर आश्रमको सिद्धेश्वर शिवमन्दिर, महेश संन्याास आश्रमको विद्येश्वर शिवमन्दिर र हरिहर संन्यास आश्रम अर्न्तगत हरिहर मन्दिर, यहाँका विशेष आकर्षण हुन् । यस्तै संस्कृत भाषा र वैदिक वाङ्मयको शिक्षा लिन गुरूकुलहरू व्यवस्थित रूपमा चलिरहेका छन् । परम्परागत तरिकाले पुरूषहरूले पढ्ने ५ वटा र कन्या गुरूकुलहरू ३ वटा छन् । करिब एक हजार छात्र छात्राहरूले निःशुल्क रूपमा संस्कृत भाषा र पूर्वीय दर्शनसम्बन्धी ज्ञान औपचारिक शिक्षाको रूपमा प्राप्त गरिरहेका छन् । देवघाटधाममा रहेका अन्य मठ-मन्दिर, आश्रमहरू, कल्पवासी कुटी, वृद्धाश्रम र गुम्बाहरू यहाँका थप आकर्षण हुन् ।

❖ देवघाटधामको धार्मिक महत्त्व, मान्यता र यस क्षेत्रको प्रकृतिक विशेषताका कारण आज पनि हजारौँ कल्पवासीहरू, सन्त-महन्त, साधक, उपासकहरू यस धाममा आश्रित छन् । आफ्नो देशको भौगोलिक सीमाभित्र यस्ता महत्त्वपूर्ण तीर्थहरू छन् । यी तीर्थहरू सम्पूर्ण नेपालीहरूको लागि गौरवका विषय हुन् । यिनको महत्त्व बुझी तीर्थस्थलको संरक्षण प्रचार प्रसार र सही सदुपयोग गर्नु हामी सबैको कर्तव्य र दायित्व पनि हो ।❖

-देवघाटधाम, तनहुँ

बुद्धिका अधिष्ठाता : श्रीगणेश

सहप्रा. डा बिनु बाबा अर्याल

व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समस्त समाजको कल्याणलाई आदर्शका रूपमा लिने चेतना पूर्वीय चिन्तन परम्पराको आधारशिला नै हो । त्यही लोककल्याणकारी परम्पराको स्थापनाको चाहवश गणेशलाई शीर्ष अर्थात् अग्रणी देवताको रूपमा स्थापित गरिएको छ ।

तन्त्रशास्त्रको मान्यता अनुसार मेरूदण्डको भित्र सुषुम्णानामको एक अत्यन्त सूक्ष्म नाडी हुन्छ । जो गुद अथवा उपस्थको बीच केही माथि भएर ब्रह्मारन्धसम्म चलेर जान्छ । यस नाडीको वायाँ दायाँ भएर इडा एवम् पिंगला नामक दुई नाडीहरू एक दोस्रोको विपरीत दिशामा चलेर केही स्थानमा एक दोस्रोलाई अतिक्रमण गर्दछन् । यी स्थानहरूलाई चक्र भनिन्छ । यो चक्र तलबाट माथिसम्म सातवटा हुन्छन्– मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध, आज्ञा एवम् सहस्रार । यस चक्रमा ध्यान गर्दा गर्दा योगीहरूले विलक्षण रंग रूपको फुलेको कमल देख्दछन् । मुलाधार चक्रको रंग पहेलो, दलहरूको संख्या चार तथा अधिष्ठाता देवता स्वयं गणेश हुनुहुन्छ । त्यसैले पहिले गणेशलाई नमस्कार गरेर मात्र अगाडि बढ्ने अधिकार हुन्छ । क्रमशः अगाडि बढ्दै जाँदा विभिन्न देवताहरूको दर्शन हुन्छ । यस व्याख्या अनुसार पनि सर्वप्रथम श्रीगणेशको दर्शन एवम् नमस्कार गरिन्छ । त्यसैले उनको अग्रपूजा अनिवार्य हुन्छ ।

परब्रह्मा परमात्मा अनादि हो । उनको सृष्टि पनि त्यत्ति नै अनादि हो । यस सृष्टिका देवताहरू पनि त्यत्ति नै अनादि हुन् । प्रत्येक कल्पमा उनी अथवा उनीहरू नै हुन्छन् । गणेश पुराणको आधारमा भन्नुपर्दा प्रत्येक युगमा गणेशको नाम, वाहन, गुण, लीला, कर्म आदि भिन्दाभिन्दै छ । 'सत्ययुगमा हात्तीमा बस्ने विनायक, उनको दश हातहरू थिए । त्रेतामा मयुरमा बस्ने मयुरेश्वर, उनको ६ हातहरू रहेकोमा द्वापरमा मूषकवाहन शिवपुत्रका गजानन भए जसको चार हातहरू थिए । कलियुगको अन्त्यमा यिनी दुई हात सहित धुम्रवर्णका धर्मरक्षक गजानन अश्वारोही धुमकेतु हुन्छन्' भन्ने वर्णन छ ।

एकत्वमा अनेकत्व, अनेकत्वमा एकत्व दर्शन हो/विशेषता हो हाम्रो सनातन हिन्दु धर्मको । एक सद् विप्रा वहुधा वदन्ति (ऋगवेद १/१६४/४६) । एउटै परमात्मा परब्रह्म रूपात्मक सृष्टिको रचनामा अनेकानेक रूप धारण गर्दछन् । यिनीहरूलाई नै देवता भनिन्छ । यिनीहरूको तात्त्विक स्वरूप भिन्दाभिन्दै हुन्छ । त्रिगुणात्मक भेद अनुसार यिनीहरूको अधिकार पनि भिन्दाभिन्दै हुन्छ । यही कुरालाई ध्यानमा राख्दा पनि गणेशका रूपहरू भिन्दाभिन्दै रहेको देखिन्छ ।

गणेश अनादि भएको कारणले नै पहिलेदेखि नै विद्यमान छन् । गणेश उनको सृष्टिको आदि बीज र अव्यक्त परब्रह्मको प्रथम व्यक्त स्वरूप हो । भक्तको कार्यको लागि समय समयमा अव्यक्त रूपमा रहेर व्यक्तरूप धारण गर्दछन् । सत्यतत्त्वमा परमात्मा एक हो । यो निर्गुण भएर पनि सगुण छ । निराकार भएर पनि साकार, सगुण भएर पनि निर्गुण तथा साकार भएर पनि निराकार छ ।

'गणेश' शब्द 'गण' र 'इश' मिलेर बनेको हो । 'गण' नाम संख्या वा समुदाय र 'ईश' नाम स्वामी, दाता, ठूलो, मुख्य आदि हुन्छ । गणपति शब्दमा पनि गणनाथ संख्या पति नाम ईश, स्वामी, रक्षक पालक आदि हुन्छ । यजुर्वेद २६/१९ मा यस तथ्यलाई यसरी स्वीकारेको पाइन्छ–

गणनांत्वा गणपतिं हवामहे
प्रियाणांत्वा प्रियापतिं हवामहे
निधिनांत्वा निधितिं हवामे ससो मम
आहमजाति गर्भ मजासि गर्भधम ।

अर्थात्, हे गणपति ! तपाई सबै गुणहरूको स्वामी

हुनुहुन्छ । हामी तपाईलाई आहूति दिन्छौं । हे प्रियहरूको बीचमा निवास गर्ने तपाई प्रियहरूको स्वामी हामी तपाईलाई आहूति दिन्छौं । तपाई हामीलाई श्रेष्ठ निवास दिने र रक्षक गर्ने हुनुहोस् । हामी गर्भधारण जललाई अभिमुख गर्दछौं । तपाई समस्त पदार्थहरूको रचना गर्ने भएर सबैको अभिमुख हुनुहुन्छ ।

यस्ता देवताहरूको समूहको स्वामी जगद्विख्यात भगवान् शिव हुन् भने आमा जगज्जननी पार्वती र यिनको दाजु युद्ध विद्या विशारद कार्तिकेय हुन् । यस्तो सानो र महान् विशिष्ट परिवारको एक सदस्य 'श्रीगणेश' हुन् । गणेश अनादि देवता हुन् । यदि हैन भने शिव पार्वतीको विवाहमा विघ्नराजका साथै मङ्गलका विधाता गणपतिको अग्रपूजा किन गरियो त भन्ने प्रश्नको जवाफमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समस्त समाजको कल्याणलाई आदर्शका रूपमा लिने चेतना पूर्वीय चिन्तक परम्पराको आधारशिला नै हो । त्यही लोककल्याणकारी परम्पराको स्थापनाको चाहवश गणेशलाई शीर्ष अर्थात् अग्रणी देवताका रूपमा स्थापित गरिएको हो । त्यसैले गणेशको स्थान सर्वोपरि छ । भगवान् शिवले गणेशको पूजा गरे विना नै त्रिपुरासुरलाई मार्न जानुभएको थियो, उहाँ स्वयं पराजीत हुनुभयो । यहाँ उमेरले बृद्ध हुनेलाई होइन प्रज्ञा र योग्यताले बृद्ध हुनेलाई प्राज्ञिक पद दिनु पर्दछ भन्ने दार्शनिक भाव व्यक्त गरिएको छ । आजसम्म पनि गणेशलाई सामाजिक नेतृत्वकला वा प्राज्ञिक नेतृत्वकलाका देवताको रूपमा लिइएको छ ।

हिन्दु धर्ममा केही पनि धार्मिक कार्य होस् त्यसको प्रारम्भ श्री गणेशको नमनबाट हुन्छ । श्री गणेशाय नमः प्रत्येक मांगलिक कार्यमा प्रथम पूजा गणपतिको पूजा र उपासनाबाट प्रारम्भ हुन्छ । श्री गणपतिले सिन्दुर धारण गर्नुको अभिप्राय यो हो कि सिन्दुर सौभाग्यसूचक एवम् मांगलिक द्रव्य हो । हिन्दु धर्ममा तेत्तीसकोटी देवता हुन्छन् तर प्रत्येक देवताको पूजामा अग्रस्थान श्री गणेशकै हुन्छ ।

'गणपति सम्भव'को भनाइ अनुसार भगवान् शङ्करद्वारा गाम्भीर्यतापूर्वक बजाएको डमरूको ध्वनिबाट गणेशले सम्पूर्ण वेदहरू ग्रहण गरे भने माता पार्वतीको चरण पाउजुको झंकारले संगीत सिकायो । 'विघ्ननाशिने शिवसुताय वरदमूर्तये नमः' वेदव्यासले जव पुराणहरूको रचना आरम्भ गरे त्यहि समय गणेशको स्मरण नगर्दा सबै कुरा विस्मरण भयो । ब्रह्माको भनाइ अनुसार गणेशोपासना गर्नासाथ गणेश प्रशन्न भएर उनलाई श्वासद्वारा खिचेर आफ्नो उदरमा विश्व ब्रह्माण्डको दर्शन गराए । तव वेदव्यासलाई उपपुराण सहित अठार पुराणहरूको रचनाको श्रेय मिल्यो । महाभारत लेखन कार्य उनैले गरेका थिए । ब्रह्माले गणेशमार्फत लेख्नु भनेर व्यासलाई सुझाव दिएका थिए । अतः महाभारतको रचयिता वेदव्यासले श्रीगणेशको वरदान नपाएको भए महाभारत जस्तो महान ग्रन्थ आज हामीहरूलाई मिल्दैनथ्यो । श्रीगणेशको महत्त्वलाई सम्झेर शास्त्रकारहरूले आ-आफ्नो भाव व्यक्त गरेका छन्-

विद्यारम्भे विवाहे च प्रवेशे निर्गमेतथा

संग्रामे संकटे चैव विघ्नस्तस्य नजायते।

सबै हिन्दु परिवारमा बच्चाहरूको जब विद्यारम्भ हुन्छ तव श्रीगणेशाय नमः भनेर गणेशको वन्दना गरी कार्य शुरूवात हुन्छ ताकि उसको भविष्य उज्जल होस्। विवाहमा गणेशलाई संभिmइन्छ ताकि उनीहरूको दाम्पत्य जीवन सफल होस्। ठीक त्यस्तै प्रकारले घरबाट बाहिर जाँदा प्रायः गणेशको पूजा वन्दना हुन्छ। जसबाट लाभ होस्। यसप्रकार श्रीगणेश जीवनको प्रत्येक कार्यमा हाम्रो साथमा हुनुहुन्छ र उहाँको कृपाबाट हाम्रो मङ्गल हुन्छ।

गणेशं पूजयेद्यस्तु विघ्नस्तस्य न जायते (पद्मपुराण, सृष्टि खण्ड ५१/६६)। गणेशको पूजाबाट समस्त विघ्न नष्ट हुन्छ। श्री मङ्गल शब्दबाट शुरू भएका जति पनि कार्यहरू सबै सफल हुन्छन्। श्री भने श्री गणेशाय नमः को संक्षिप्त रूप हो। प्रत्येक मन्त्रको प्रारम्भ ॐबाट नै हुन्छ। स्वयं श्री गणेश नै ॐकार स्वरूप हुनुहुन्छ।

गणेशको अर्थ शिव हो। शिवको अर्थ कल्याण। पिता कल्याणकारी, पुत्र विघ्नान्तक (विघ्न नाशक) र कल्याणको संस्थापक हुन्। यसको रहस्य यो हो कि, शिवतत्त्व। शिवतत्त्वको प्राप्तिको अनन्तर साधकको साधन मार्गको समस्त विघ्नवाधाहरू स्वतः नै नष्ट हुन जान्छ र विघ्नवाधाहरू नष्ट भएपछि नै साधकलाई अनन्त ऋद्धि एवम् सिद्धिहरू प्राप्त हुन जान्छ। शिवतत्त्व प्राप्त भएपछि मायारूपी विघ्नहरू नाश गर्न गणेशको प्रादुर्भाव भयो। पार्वती गणेशकी माता हुन्। उनी पार्वती अथवा 'पर्व र वती' ज्ञान, इच्छा, क्रिया यी तीनैको संयोजक हुन् भने आध्यात्मिक जगतको सबै माया बन्धनरूपी समस्त विघ्न वाधाहरूको ध्वंसरूप गणेश हुन्। पार्वतीद्वारा गणेशको जन्मको आध्यात्मिक रहस्य यही हो।

अग्रज भएर पनि स्कन्द गणेशबाट पराजित भए। यसमा पनि रहस्य छ कि भौतिकवादमा जति पनि अग्रज किन नहुन् अध्यात्मवादीरूपी भाइसँग जित्न सकिँदैन। स्कन्द देवताहरूको सेनाको सेनापति हुन्। तर गणेश आध्यात्मिक शक्ति र अध्यात्मक बलबुद्धि बलको स्वामी हुन्। यिनी बुद्धिको देवता हुन्। गणेशमा बुद्धिको विशिष्टता भएकोले ऋद्धि सिद्धि दाताका साथ बुद्धि विधाता पनि भनिन्छ। गणेशका पत्नीहरू ऋद्धि र सिद्धि (बुद्धि) हुन्। यसको रहस्य यो हो कि साधना क्षेत्रमा शिवत्वको प्राप्तिको लागि विघ्ननाशक गणेश बन्न सक्ने क्षमता आउँछ। तवसम्म ऋद्धि सिद्धिहरू साधनको लागि स्वपत्नी या स्ववशवर्तिनी हुन्छन्।

यी ऋद्धि र सिद्धि ज्ञानका देवता विश्वकर्माका दुई छोरी हुन्। यी दुईलाई सुख, शान्ति, विद्या र बुद्धिदाता देवीका रूपमा लिइएको हुन्छ। गणेश र सिद्धिबाट क्षम (क्षमा) तथा गणेश र ऋद्धिबाट लाभ नामको छोराको जन्म भयो। क्षम र लाभलाई शुभ र लाभ भनिन्छ। प्रायः सबै देवताका मन्दिरमा उनका पत्नीलाई देवतासँगै भित्र नै स्थापित गरिएको हुन्छ तर गणेशको सन्दर्भमा उनको मन्दिर भित्र उनको मूर्ति एक्लै हुन्छ र ऋद्धि सिद्धिको नाम ढोकाको बाहिरपट्टि लेखिएको हुन्छ। शुभलाभको नाम पनि ढोका बाहिर नै लेखिएको हुन्छ। यसबाट के बुझिन्छ भने शुभ, लाभ, ऋद्धि र सिद्धिको दर्शन पछि मात्र प्रज्ञासँग साक्षात्कार हुन्छ। उसले लिने निर्णयमा सर्वकल्याणकारिता समग्रता र दुरगामिता झल्किएको हुन्छ।

शिवपुत्र स्कन्द र गणेशमा संघर्ष गराएर एवम् गणेशको स्कन्द माथि विजय देखाएर पुराणकालले यो रहस्य प्रतिपादन गरे कि परात्पर ब्रह्म शिवको दुई पुत्र हुन्– १. स्थूल २. सूक्ष्म। एकमा जडताको प्राधान्यता छ भने दोश्रोमा चेतनाको। एकमा शारीरिक बलको विशिष्टता छ भने दोश्रोमा आत्मबलको। एक विश्वको विजय आफ्नो शारीरिक पुरूषार्थबाट गर्नमा निष्ठा राख्दछ भने दोश्रो भक्तिबाट। एउटा शरीर प्रधान हो भने दोश्रो आत्मप्रधान। सदाविजय दोश्रोमा अध्यात्मवादीकै हुन्छ। धिग्बलं क्षत्रिय बलं ब्रह्म तेजोबलं बलम्। श्री गणेश आद्य पूज्य देव हुन्। उनको स्वरूप नितान्त अव्यक्त, अचिन्त्य र अपार छ। यजुर्वेदका यी देवतालाई गणपति, प्रयपति एवम् निधिपतिको रूपमा आहूति गरिन्छ।

गणपति जलतत्त्वको अधिपति हुन्। जलको चार गुण हुन्छ– शब्द, स्पर्श, रूप तथा रस। सृष्टि चार प्रकारको हुन्छ– स्वेदज, अण्डज, उद्विज तथा जरायुज। जीवकोटिको पुरूषार्थ चार हुन्छ– धर्म, अर्थ, काम र मोक्ष। जगत सञ्चालक गणेशले देवता, मानव, नाग तथा असूर यी चारलाई स्वर्ग, पृथ्वी तथा पातालमा स्थापित गरे। यसको संकेत चतुर्भुजले दिन्छ। गणेश चतुर्भुज हुन्। पुराणका कथाहरूमा पाइन्छ कि भगवती पार्वतीले आफ्नो अङ्गको

अनुलेपबाट प्राण सञ्चार गराएर चतुर्भुज मूर्ति बनाउने अनुनय गरेकोले देवाधिदेव महादेवबाट पुत्र रूपमा गणेश प्राप्त भए । ब्रह्मवैवर्तपुराणको गणेश खण्डमा भने भगवान् श्रीकृष्णको अंशको रूपमा गणेश जन्म भएको वर्णन छ । यसरी कृष्ण तथा गणेशबीच तादात्म्य रहेको पाइन्छ । विष्णुले पनि गणेशलाई सर्वप्रथम पुजिने आशीर्वाद दिएको कुरा उक्त पुराणमा वर्णित छ ।

(कल्याण २०६०, २६०-२६१, २६४) ।

दुष्टहरूलाई नष्ट गर्नका लागि देवताहरूले अनुरोध गरेका कारण पार्वतीले शिवको सहयोग विना चतुर्भुजी गजमुखी गणपतिको सृष्टि गरेको कुरा स्कन्दपुराणमा उल्लेख छ । यसै तथ्यलाई समर्थन गर्दै वामनपुराणमा नायक विना जन्मेको हुँदा यिनको नाम विनायक रहन गएको भन्ने वर्णन छ ।

हाम्रो जीवन तव विघ्नवाधारहित हुन्छ जव हामीले चार पुरूषार्थहरू पाश, अंकुश, रद(दन्त), वरद (आशीर्वाद) प्राप्त गर्न सफल हुन्छौं । यसको लागि हामीले विधिवत् गणेशको उपासना गर्नु पर्दछ । दायाँ हातमा शूल र अक्षयमाला तथा वायाँ हातमा लड्डु र परशुले युक्त चतुर्भुज मूर्तिको ध्यान, दुवो, लड्डु, समीपत्र, रातोफूल आदिबाट पूजा उपासना आदि गरिन्छ । गणेशको एउटा हातमा कमल हुन्छ जसबाट उनलाई लेखनका देवता भनिन्छ । अर्को हातमा लड्डु जो तुष्टि वा तृप्तिको उदाहरण हो । तेश्रो हातमा भएको सुथरी (डोरी)ले वन्धन वा बाध्ने डोरी जनाउँछ । त्यसले आपसमा एक अर्काको बन्धनमा रही अनुशासित जीवनयापन गरे सबैको कल्याण हुन्छ भन्ने संकेत गरेको छ । चौथो हातमा भएको बन्चरो जसलाई संस्कृतमा परशु भनिन्छ । यो एउटा डोरी काट्ने वा फुकाउने साधन हो । यसको अर्थ मुक्ति नै मनुष्यको जीवनको सबैभन्दा ठूलो लक्ष्य हो कुनै पनि भौतिक सुविधा र सम्पन्नताले दिन नसकेको मुक्ति प्रज्ञाले दिन्छ भन्ने अवगत गराउनु हो ।

श्रीगणेशको जन्मतिथि चतुर्थी हो । चतुर्थी तिथिमा जन्म लिनुले गणेश बुद्धि प्रदाता भएको जनाउँछ । अतः जाग्रत स्वप्न, सुषुप्ति र तुरीय विचार अवस्थाहरूमा चौथी अवस्था हो । ज्ञानावस्था हो । यस कारण सारा देवगणहरूले विनायकको स्तुति गरे । भगवान् शिवले उनको अभिषेक गर्नुभयो । विनायकको जन्म जुन तिथिमा भयो त्यसलाई गणेश चौथी भनिन्छ । बुद्धि (ज्ञान) प्रदान गर्नेवाला गणेशको जन्म पञ्चाङ्गमा भाद्र शुक्ल चतुर्थी तिथिलाई गणेश चौथीको रूपमा उल्लेख गरिएको पाइन्छ । जुन युक्तिसँगत छ । यस दिन उनको विशेष पूजा हुन्छ ।

गणेशको जन्मको सम्वन्धमा एउटा सान्दर्भिक कथा प्रचलित छ– पराम्वा पार्वतीले आफ्नो रक्षाको लागि एउटा पुतला बनाएर त्यसमा प्राण प्रतिष्ठा गरिदिइन् र त्यसलाई पाले बनाएर आफ्नो ढोकामा राखी अन्य कसैलाई पनि आफ्नो (पार्वतीको) गर्भगृहमा जान रोक्ने आदेश दिइन् । शिव र शिवाको संयोगमा वाधा कस्ले पो पार्न सक्छ र ? त्यही वाधा पार्ने प्रयत्न गरेपछि भगवान् शिवले रूद्ररूप धारण गरी पार्वतीका रक्षक ती पुतलाको शिर काटिदिनुभयो । जगज्जननी रूष्ट भइन । आशुतोष शङ्करले तत्काल हात्तीको शिर त्यस बालकको शिरमा जोडेर बालकलाई बिउताइदिनुभयो । गणेशको शिर काट्नुको अर्थ उसमा रहेको अहंकारको नाश गर्नु । हात्तीको शिर लगाउनुको अर्थ संयोजक, समन्वयकारक र संश्लेषक बुद्धिको चिन्ह या विशेषता हो ।

यसैगरी ब्रह्मवैवर्त पुराण अनुसार, शनिकी पत्नीले शनिलाई श्राप दिएकी थिइन् कि जो माथि उनको दृष्टि पर्दछ, उसको शिर तत्काल काटिन्छ । यस्तो श्रापको भागिदार भएका शनिको दृष्टि नचाहँदा नचाहँदै गणेशमा पर्न गएकोले गणेशको शिर काटिएको र यसमा भगवान् विष्णुले एउटा हात्तीको शिर काटेर जोडिदिनुभयो । त्यसैले उनको नाम 'गजानन' भयो । यसै पुराण अनुसार एक पटक परशुराम शिव पार्वतीको दर्शन गर्न कैलाश गए । पहरेदार भएर बसेका गणेशले परशुरामलाई रोकेकोले उनले गणेशको एउटा दाँतलाई काटिदिए, त्यसकारण उनी 'एकदन्त' भए ।

गणेशको आकृति रहस्यमय छ । उनको शरीरका प्रत्येक भागबाट महत्त्वपूर्ण तथ्यहरूको रहस्योद्घाटन हुन्छ । किनकि पार्वतीनन्दन गणेशको शरीरको कद होचो आकारको स्थूल, पेट लामो, टाउको ठूलो, आँखा साना, कान हात्तीको जस्तो ठूलो र फैलिएको छ । यसप्रकार अनेकौं विशेषताहरू परिपूर्ण हुनाको कारण भगवान् गणेशलाई गजानन शब्दले विभूषित गरायो । गणेशको कण्ठबाट शरीरसम्म मानिसको या नरको आकृति (नराकृति) छ ।

प्रकृतिमा केवल मनुष्य नै त्यस्तो प्राणी हो जो स्पष्ट वक्ता उदार मनको, विभिन्न कार्यको सम्पादन एवम भुक्ति मुक्तिको साधक मानिन्छ । अतः गणेशको मानव शरीरद्वारा पनि विशेषताहरूको दिग्दर्शन गराउनको लागि शरीरले मनुष्यको आकृति लिएको हो । यसको साथै गणेशको शरीर परस्पर विरोधीबाट बनेको छ । तत्तद पदार्थ तथा त्वँ पदार्थको परिचायक हो । त्वँ पदार्थ नर स्वरूप हो भने तत् पदार्थ गजस्वरूप हो । नर एवम् गजको मिश्रितरूप धारण गरिएको हो ।

हात्तीको शिर लगाउनुको तात्पर्य यो हो कि गणेश बुद्धिप्रद हुन् । शिर नै बुद्धि र विचार शक्तिको प्रधान केन्द्रविन्दु हो । हात्तीमा बुद्धि, धैर्य एवम् गाम्भिर्यता हुन्छ । अर्को कुरा हात्तीको शिर यस कुराको सूचक हो कि हामी आफ्नो शिरमाथि अविवेकपूर्ण कार्यको बोझ राख्न सक्तैनौं । पाप कर्मको चोटबाट ऊ विचलित हुन्छ । अतः जीवन क्रमलाई सफलतापूर्वक चलाएर लैजानुपर्दछ । यस्तो मर्मस्थलको रक्षाको लागि आसुरी तत्त्वहरूबाट टाढा राख्नु पर्दछ ।

गणेशको शिर माथि चन्द्रमाको चिह्न छ । चन्द्रमा शितलता र शान्ति प्रदान गर्नेवाला हुन् । मस्तिष्कमा शान्ति रहन आवश्यक छ । चन्द्रमा सोमरस(अमृत)को दाता हो । यस रसले रोग, शोक, भोकलाई हटाउँछ । गणेशको शिरमा रहेको चन्द्रमाले के देखाउँछ भने चन्द्रमा ब्राह्मणको राजा हो । सोमोऽस्माकं ब्राह्मणाना राजा ब्रह्म जानातीति ब्राह्मण । ब्रह्मबेत्ता सर्वोत्कृष्ट पदका अधिकारी हुन्छन् । अतः ब्राह्मणहरूको राजा आफ्नो शिरमा स्थापित गरे । त्यसै कारणले उनी अग्रपूजाको अधिकारी बने ।

गणेशको आँखा सानो हुन्छ । सूक्ष्मदेखि वृहत्तसम्म, नजिकदेखि टाढासम्म, वर्तमानदेखि भविष्यसम्म हेर्न सक्ने, बुझ्न सक्ने अवगत गराउँछ । जति महत्त्व आँखाको नानी या प्रकाशको हुन्छ, त्यति आँखाको हुँदैन ।

गणेशलाई बक्रतुण्ड नामले पनि पुकारिन्छ । बक्र टेडो या वाङ्गो, तुण्ड (अनुहार) । टेडो अनुहारको रहस्य हो समस्त प्राणीहरूलाई भ्रान्तिमा राख्ने । भगवान्को माया बक्र छ । त्यस मायालाई आफ्नो अनुहारबाट हटाउने हुनाले गणेशलाई बक्रतुण्ड भनिएको हो ।

गणेश शूर्पकर्ण हो । नाङ्लो जत्रो कान अर्थात जसरी नाङ्लोले अन्नहरूबाट दूषित तत्त्वलाई फाल्दछ, त्यसैगरी नराम्रो दूषित कुराहरूलाई फालेर भक्तजनहरूको विघ्नहरूको निवारण गरेर विविध ऐश्वर्य तथा ज्ञान प्रदान गर्दछ । मायाले ढाकिएको साधकले परब्रह्मलाई पाउँदैन । त्यसैले मायालाई हटाएर ब्रह्म साक्षात्कार गर्नेको संकेत शूर्पकर्णले दिन्छ भने हात्तीको ठूला ठूला कानले अत्यन्त ध्यान दिएर सूक्ष्मलाई पनि महत्त्व दिएर सुन्ने गुणलाई जनाउँछ । लुकेको मुखले थोरै बोल्ने कुरालाई जनाउँछ । त्यसैले हात्तीको टाउको रोजिएको छ ।

गणेशको बलियो लामो र लचिलो सुँडले कुनै बस्तु वा परिस्थितिलाई कडा, ठाडो वा एकतवरले नसम्हालेर परि स्थिति अनुसार लचिलो र अनुकुशील तरिकाले सम्हाल्ने क्षमतालाई जनाउँछ । गणेशको सुँड नाक, हात र औजार तीनवटै साधन हो । खाना खोज्ने, खाना उठाउने, पानीभित्र बसेर पनि वाहिरको हावाबाट सास फेर्नेदेखि लिएर हात्तीको सुँडको प्रयोजन यति धेरै छन् कि यो अनुकुल शिलताको उत्तम दृष्टान्त हो । नाकरूपी सुँड प्रतिष्ठाको द्योतक हो ।

हात्तीको खाने दाँत एउटा र बाहिर देखाउने दाँत अर्को हुन्छ भन्ने भनाइ छ । गणेशको दाँत पनि यही कुराको परिचायक छ । बुद्धिमान व्यक्ति बाहिर एउटा देखिन्छ, भित्र ऊ पुज्य तथा ज्ञानवान हुन्छ ।

श्रीगणेशको वाहन मुसा जिज्ञासु, निरन्तर क्रियाशील र जुक्तिले युक्त प्राणी मानिन्छ । यसरी वाहनको रूपमा स्थित मुसा वृहदारण्यक उपदिषद्मा वर्णित अन्तर्यामी ब्रह्मको प्रतीक हो । मुसा घरभित्र पसेर चिजहरू चोर्दछ । तर घरको मानिसहरूलाई थाहा हुँदैन । यस प्रकार श्रीगणपतिको वाहन मुसा भौतिक जीवनदेखि लिएर आध्यात्मिक जीवनसम्मको लागि नाना प्रकारको अभिप्रायको सार्थक एवम् गम्भीर संकेत दिन्छ । यो विवेचक विभाजक, विस्तारक, विश्लेषक बुद्धिको चिन्ह हो । यसैले गजवदन मुसामा सवार गर्नुहुन्छ । यस संश्लेषक बुद्धिको कारण नै गणेशलाई 'बुद्धिसागर' पनि भनिन्छ ।

कार्तिकेय र गणेश शिव र पार्वतीका छोराहरू थिए । तीमध्ये कार्तियेय पुरूषार्थ वा पराक्रममा विश्वास राख्ने लडाकु तेजका थिए भने गणेश ठूलो पेट भएका दौडधुप गर्न नसक्ने तर आध्यात्मिक स्वभावका थिए । एक दिन दुई कन्या ऋद्धि र सिद्धिसँग विवाह गर्न दुवै पुत्रहरू इच्छित

भएको तर एउटासँग मात्र हुनुपर्ने बाध्यताले भगवान् शिवले पृथ्वी तीन फन्का घुमेर आफ्नो अगाडि जो आउँछ उसले नै श्रेष्ठता राख्ने भन्ने प्रस्ताव अनुसार कार्तिकेय आफ्नो वाहन मयुर लिएर पृथ्वीको चक्करमा उडे । तर गणेशको लागि यो असम्भव भएकोले उनले आफ्नो प्राज्ञिक सम्पत्तिको प्रयोग गरी आफ्नो वाहन मुसाको युक्तिजुक्ति अनुसार भगवान् शंकर र माता पार्वतीको परिक्रमा गरे । शिव परमात्मा तथा विश्वात्मा हुन्, सारा संसार उनको शरीर हो, सबै ब्रह्म अर्थात् त्यस ब्रह्ममा परमात्माको चरणमा यो सारा संसार रहेको छ । मतः परतरं नान्यत् किञ्चि–दस्ति (गीता ७/७) । अर्थात् मेरो भगवान्को अतिरिक्त संसारमा अरू केही छैन । अतः पिता भगवान् शङ्करको र माता पार्वतीको परिक्रमा गर्दा विश्वको परिक्रमा हुन जान्छ भन्ने सोचेर मुसामा चढेर उहाँहरूको सातपटक परिक्रमा गरेर निश्चिन्त भएर बसे । केही समय पछि विस्तार विस्तार सारा देवताहरूको आगमनको प्रारम्भ भयो । यतिन्जेल यता भगवान् शङ्करको निर्णय अनुसार विजयश्री गणेशको हातमा आयो । त्यसबेलादेखि उनी अग्रपूजाका आधिकारी सिद्ध भए । यसबाट यो पनि निर्विवाद सिद्ध हुन्छ कि अन्ततः विजय बुद्धिमानको नै हुन्छ । यसै सन्दर्भमा गोस्वामी तुलसी दासले गणेशको प्रार्थना गर्दै भनेका छन् कि– मोदक प्रियमुद मंगल दाता। विद्या वरिधि बुद्धि विधाता॥ यसबाट गणेशको बुद्धिमत्ता एवम् विद्वता सिद्ध हुन जान्छ ।

गणेशका प्रिय वस्तुहरूमा दुवो, शमीपत्र, लड्डु पर्दछन् । जुन प्रकारले जीव जन्मजन्मान्तरमा आर्जित पुण्य र पापको कारणले बारबार जन्म लिन्छ, त्यसैगरी दुवो पनि अनेक जडहरूमा जन्म लिन्छ । आफ्नै किसिमको अस्तित्व भएको दुवोले अजरता र अमरताको विशेषता देखाउँछ भने दुवो समान ज्ञान दाता गणेशको मनमस्तिष्क पनि अत्यन्न उर्वर रहेको वोध हुन्छ । लड्डु आनन्दको बस्तु हो भने लड्डुको आकृति महाशून्यको प्रतीक हो । यी समस्त वस्तुहरू शून्यबाट उत्पन्न हुन्छन्, शून्यमा लीन हुन्छन् । शून्यको यो विशालता पूर्णत्व हो जुन प्रत्येक स्थितिमा पूर्ण छ र यो पूर्णता प्रणव मन्त्रको गुण हो । गणेश प्रणवको प्रतीक हो ।

गणेशको चार हातदेखि आठ हात, सोह्र हात र अनेक हातहरू भएको पनि अवगत हुन्छ । गणेशको बाह्र नाममा– १) सुमुख, २) एकदन्त, ३) कपिल (कैलो), ४) गजकर्ण, ५) लम्वोदर (लामो पेट भएको), ६) विकट (भयाङ्कर), ७) विघ्ननाशक, ८) विनायक (विशिष्ट नायक जस्तो गुण सम्पन्न), ९) धुम्रकेतु (धुँवाको रंगभएको झण्डावाला), १०) गजाध्यक्ष (गजहरूको अध्यक्ष), ११) भालचन्द्र (निधारमा चन्द्रमा धारण गर्ने) र १२) गजानन (हात्तीको जस्तो मुख भएको) हुन् ।

मानव आरम्भदेखि नै चिन्तन, मनन र अन्वेषणमा अभ्यस्त रहेको छ । ऊ केवल स्थूल जगत्को चमक धमकले मात्र तृप्त रहँदैन । सूक्ष्म जगत् अन्तस्तको रहस्य प्रकाशमा ल्याउनको लागि कृत संकल्प रहँदैआएको छ । धर्म र दर्शन संयुक्त हुनुपर्दछ । अनि मात्र हामीले वैज्ञानिक तरिकाले भगवान् को हुनुहुन्छ भनेर बुझ्न सक्छौं । यसरी बुझ्नु नितान्त आवश्यक पनि छ । भगवान्को बारेमा वैज्ञानिक ज्ञान प्राप्त गर्नु भनेको आफूले आफूभित्र आफूलाई देख्नु सरह नै हो । वास्तवमा देवता मन्त्रको स्वरूप हो । शक्तिको कुनै आकार र रूप हुँदैन । चतुर्भुज, अष्टभुज, त्रिनेत्र आदि रूप एकै मानवीय कल्पना हो । जसबाट व्यक्तिले सामान्य बुद्धिको सहजताबाट ग्रहण गर्दछ । अनन्तकालदेखि अनुसन्धान गर्दागर्दै उसले कैयौ उपयोगी तथ्यहरू प्राप्त गरिसकेको छ र गर्ने प्रयासमा पनि हिंड्दै गइरहेको छ । इतिहासको पाना पल्टाउँदै जाँदा समय सापेक्षको कुराहरू अनुसन्धानका क्रमबाट विषयवस्तु पनि माझिँदै जान्छन् र नयाँ विचारहरूले पनि आफ्नो स्थान ओगट्दै जान्छन् ।

नेपालमा प्राचीन कालदेखि नै गणपतिको पूजा गर्ने तथा अभिलेखहरूमा गणपतिको उल्लेख गर्ने प्रचलन रहेको बुझिन्छ । यसबाट के बुझिन्छ भने आदि कालदेखि प्रारम्भ भएको यो परम्परा आजसम्म पनि छ तर यो दार्शनिक आदर्शका रूपमा रहेको पूजाविधिको औपचारिकताका रूपमा रहेको छ ।

हामीले गणेशमा कुँदिएको दार्शनिक विचारलाई जनमानसमा उजागर गर्नु नितान्त आवश्यक छ । साथै गुणको अग्रणी व्यक्तिमा हुनु पर्ने गुणहरूलाई गणेशमा अवस्थित रहेको देखाएर त्यस्तै स्थानमा पुग्न चाहनेको लागि आवश्यक योग्यताको वर्णन प्राचीन चिन्तकहरूले गरेका छन् । जसबाट यो एउटा समाजलाई दिएको बलियो पाठ हो ।❖ –बत्तीसपुतली

चरित्र: हाम्रो बहुमूल्य सम्पत्ति

-भागवतश्री न्यौपाने

सद्‌विचार र सत्कर्मको एकरूपतालाई नै चरित्र भनिन्छ । जसले आफ्ना इच्छाहरूलाई नियन्त्रित राख्छ र त्यसलाई सत्कर्मको रूप दिन्छ, उसैलाई चरित्रवान् भनिन्छ । संयमित इच्छाशक्तिबाट प्रेरित सदाचारको नाम नै चरित्र हो ।

एकजना विचारकले भनेका छन्, जव सम्पत्ति जान्छ केही जाँदैन, जव स्वास्थ्य जान्छ, केही कुरा जान्छ, तर जव चरित्र जान्छ, सबैकुरा सिद्धिन्छ । सम्पूर्ण मानव जीवनको सार भन्नु नै उसको चरित्र र व्यवहार हो ।

यसै सन्दर्भमा प्रसिद्ध लेखक स्वेट मार्डेनको भनाइ सान्दर्भिक देखिन्छ । उनले भनेका छन्- संसारलाई त्यस्तो व्यक्तिको आवश्यकता छ, जसले सम्पत्तिको लागि आफूलाई बेच्दैन । जसको हर श्वासमा इमान्दारिता भरिएको छ, जसको हृदयभित्र सत्यको ज्योति बलेको छ, जसको अन्तरआत्मा कम्पासको सूइ जस्तै एउटा उज्ज्वल नक्षत्रतिर हेरिरहेको छ, जो सत्य कुरा प्रकट गर्नको लागि जस्तोसुकै परिस्थितिसँग भिड्दछ, जो अफ्ट्यारा कामहरूलाई देखेर हिचकिचाउँदैन, जो आफ्नो नाम अघि नसारिकन साहसपूर्वक काम गर्दछ, त्यो नै चरित्रवान् व्यक्ति हो ।

वास्तवमा यी लोकोक्तिले धन सम्पत्ति स्वास्थ्य फेरि पनि प्राप्त गर्न सकिन्छ तर एक पटक गैसकेको चरित्र फेरि फिर्ता ल्याउन सकिंदैन भन्ने कुरालाई नै जोड दिएको छ । उत्कृष्टचरित्र नै मानव जीवनको कसौटी हो । हुन त धन विद्या कला शक्ति जस्ता सबै कुराको मानव जीवनमा आफ्नै स्थान छ, महत्त्व छ तर धर्म र बुद्धिद्वारा यिनीहरूको नियन्त्रण गर्न सकिएन भने समाजको लागि अहितकार हुन सक्दछ । मान्छे चाहे निर्धन होस् चाहे अनपढ होस्, शक्ति प्रभूताले सम्पन्न होस् तर पनि जीवनको उसको उपयोगिता र महत्तामा कुनै कमी आउँदैन । तर यसको साटो मान्छे, सबै कुराले सम्पन्न छ, तर चरित्रवान छैन भने ऊ सबैभन्दा दीनहीन हो । यस्तो चरित्रले न समाजको भलो हुन्छ न त आफ्नो नै । उच्च विचार भएको व्यक्ति समाजको सम्पत्ति हो । रवीन्द्रनाथ टैगोरले चरित्रलाई व्यक्तिको प्रतिभाभन्दा पनि माथिल्लो स्थानमा राखेका छन् । स्माइल्सले भनेका छन्- चरित्र अरू सबै सम्पत्तिभन्दा महान् छ । अन्य सम्पत्तिहरू अस्थायी हुन् तर चरित्ररूपी सम्पत्ति मानव जीवनको स्थायी निधि हो ।

मानिसको जीवनको स्थायी सफलताको आधार उसको चरित्र नै हो । चरित्रविनाको सफलता टिकाउ हुँदैन । कुनै पनि व्यक्ति, परिवार र राष्ट्रको स्थायी समृद्धि र विकास हाम्रो चारित्रिक स्तरमा भर पर्दछ । व्यक्तिको चरित्र हीनताको कारणले नै शक्ति, समृद्धि र विकासको विघटन हुन सक्दछ । चरित्र एउटा स्थीर चट्टान हो जहाँ उभिएको व्यक्ति अजेय र समृद्धशाली बन्दछ । लोकमान्यतिलकले संसारमा चरित्रवान व्यक्तिले मात्र उन्नति प्राप्त गर्न सक्दछ भनेर भनेका छन् ।

मानिसको जीवन उसको कार्य व्यवहार, विचार र मनोभावनाको शुद्धताले नै माथि उठ्दछ । शुद्धिबाट नै चरित्रको निर्माण हुन्छ । सेवा, दया, परोपकार, उदारता, त्याग, शिष्टाचार र सद्‌व्यवहार चरित्रका बाहिरी आवरण हुन् । सद्‌भाव, सद्‌चिन्तन, व्यवस्थित जीवन, शान्त मनोभूमी चरित्रका परोक्ष अंग हन् । विचार, इच्छा र आकांक्षा अनुरूपको आचरण हुन्छ भने आचरण अनुरूपको चरित्र निर्माण हुन्छ । यसैगरी जस्तो चरित्र हुन्छ, संसार नै त्यस्तै बन्दछ । व्यक्तिको संसार उसकै चरित्रको उपज हो ।

चरित्रहीन व्यक्तिसँग यदि सम्पत्ति हुन्छ भने त्यसलाई भोगबिलास तथा अन्य खराव कामको लागि सिद्याइदिन्छ ।

यस्तो व्यक्ति विद्वान् नै भएछ भने पनि आफ्नो बुद्धि अनेकौं षड्यन्त्र, छलकपट तथा धोकाको लागि उपयोग गर्दछ । यदि ऊ शक्तिशाली भयो भने अत्याचार गर्न शुरू गर्दछ । चरित्रहीन व्यक्तिको हातमा भएको सम्पत्ति, विद्वता र शक्ति कुनै पनि समाजको लागि घातक सिद्ध हुन्छ । चरित्रवान व्यक्तिले मात्र यी विभूतिहरूलाई सदुपयोग गरेर आफू एवम् अरूको भलाइ गर्न सक्दछन् ।

उत्तम चरित्रले जीवनलाई सही दिशामा लैजान प्रेरित गर्दछ भने चरित्रहीनताले पथभ्रष्ट गरेर मानिसलाई विनासको खाडलमा धकेलिदिन्छ । आजको भौतिकवादी दुनियामा जीवनको मूल्याङ्कन गर्ने तरिका नै बदलिएको छ । समाजमा ती व्यक्तिहरूमात्र प्रतिष्ठित छन्, जो धनी, सम्पत्तिवान्, विद्वान्, प्रगतिगामी एवम् उच्च सदस्य रहेका छन् । यी सबै कुराको अगाडि हामी चरित्रलाई चटक्कै बिर्सन्छौं । यही कारणले नै मानवीय चरित्रको मूल्य कम हुँदै गएको छ ।

हामी धनी व्यक्तिलाई ज्यू, हजुर भन्छौं, नेताहरूको अगाडि नतमस्तक हुने, पण्डितहरूलाई वाइवाइ गर्छौं तर सदाचारी व्यक्तिलाई कुनै महत्त्व दिदैनौं । यो एक प्रकारको सामाजिक विकृति नै हो । यसबाट मानिसलाई आफ्नो चरित्रबाट विमुख भई बाहिरी सफलता प्राप्त गर्नका लागि जेसुकै पनि गर्न खोज्ने प्रवृत्तिको विकास गराउँदछ ।

अहिलेको समाजमा हाम्रो सम्पदाहरू, विद्वता, शिक्षा तथा भौतिक सुविधाहरू निकै बढेका छन् । यसका साथै भोगबिलासपूर्ण जीवनस्तरको पनि दिनानुदिन बृद्धि भइरहेको छ । तर यसको अनुपातमा हाम्रो चरित्र भने दिनदिनै गिर्दै गइरहेको छ । चरित्रवान् व्यक्ति अत्यन्तै कम भेटिन थालेका छन् । बढ्दो भ्रष्टाचार, बेइमानी, धोका, भेदभाव इर्ष्या, द्वेष आदि खराव कर्महरू आफ्नो चरित्रलाई बिर्सेर भौतिक बस्तुको संग्रहमा लाग्नुको परिणाम हो । जवसम्म हामी आफ्नो चरित्रलाई सर्वोपरि मानेर यसप्रति जागरूक हुँदैनौं, तबसम्म हाम्रो व्यक्तिगत तथा सामाजिक जीवनको विषमता हट्ने छैन । नत हामीबाटै जन्मेका कुनै समस्याको समाधन नै हुन्छ ।

चरित्र नै मानव जीवनको आधार हो । यही आधार नै जर्जर वा कमजोर भयो भने जीवनको देवालय विश्वासपूर्वक ठडिन सक्दैन । संसारमा बाँच्न त अत्यन्त खराव आचरण भएका व्यक्तिहरू पनि बाँच्दछन् तर उनीहरूको जिन्दगी ओजपूर्ण र अर्थपूर्ण बनेको हुँदैन । वास्तविक जिन्दगी उसैको हो जसप्रति आम मान्छेको धारणा सकारात्मक हुन्छ । जसको उपस्थितिमा मानिसहरू एककृत हुन्छन् र जोसँग मानिसहरूको विश्वास हुन्छ । यस्ता मानिसहरू समाजमा निर्भीक, निष्कलंक एवम् सम्मानपूर्वक बाँचेका हुन्छन् । चरित्रहीन मानिसहरू समाजमा कुनै पनि कार्यको लागि विश्वासयोग्य हुँदैनन् ।

जुन देशमा नारी र पुरुषका बीच आचार तथा मर्यादाहरू निश्चित हुँदैनन् त्यहाँ धेरै नै सामाजिक विकृतिहरू पैदा भएको पाइएको छ । पश्चिमा देशहरू यस्तो गलत अभ्यासले आफ्नो संस्कारका श्रेयहरू गुमाउँदैछन् । यस किसिमको गलत प्रवृत्तिहरूलाई अपनाउँदा करिव हालका दिनहरूमा हाम्रो समाज र संस्कृति पनि अस्तव्यस्त हुँदै गइरहेको छ । यति मात्र नभई व्यक्तिगत अधिकार र स्वतन्त्राका नाममा गरिने यस्ता मनलाग्दी कुराहरूले आज हाम्रो सम्पूर्ण सामाजिक ढाँचा नै खोक्रो हुँदैगएको छ ।

समाज एवम् संस्कार मानिसहरूको समूहबाटै निर्माण हुने हो । त्यसलाई सञ्चालन गर्ने भनेको मानिस र उसको व्यवहारले नै हो । जुन समाजका सबै व्यक्ति चारित्रिक एवम् नैतिक दृष्टिले परिपुष्ट एवम् उन्नत हुन्छन्, त्यो सारा समाज सच्चरित्रताको उच्च मूल्यलाई स्थापना गर्ने र त्यसको मान बढाउने खालको हुन्छ । जब हरेक समाजको पहिचान सच्चरित्र एवम् अमूल्य बन्दछ तव त्यो राष्ट्र नै संसारको सामु एउटा आदर्श राज्यको रूपमा स्थापित हुन्छ ।

प्राचीन कालमा भारतवर्ष विश्वगुरूको रूपमा पहिचान स्थापित गर्न सफल भएको थियो । त्यसको कारण त्यस बेलाको समाजको सच्चरित्रता तथा मानिसहरूले अपनाउने नैतिक मूल्य नै थियो । मानिस र समाजमा हुने चारित्रिक ह्रासका कारण कुनै पनि देश चाँडै नै पतन एवम् परहीनता हुन सक्दछ । आफ्नो कर्तव्य जिम्मेवारी तथा संस्कृति विर्सेर अरूको कुरा अपनाउनुले आफ्नो पहिचान त रहँदैन नै अरूको पनि बन्न सकिँदैन । यस्तो बेलामा अरूले हेर्ने भनेकै दोश्रो दर्जाको नागरिकको रूपमा मात्र हो ।

चरित्र निर्माणमा साहित्यको निकै नै ठूलो योगदान रहेको छ । महापुरूषहरूको जीवनगाथा पढ्नाले आफूलाई

पनि त्यस्तै बन्नका लागि प्रेरणा प्राप्त हुन्छ । विचारलाई दृढ बनाउने एवम् शक्ति प्रदान गर्ने साहित्यले आफ्नो स्वाभिमान निर्माणका लागि ठूलो योगदान गर्दछ । यसबाट आन्तरिक गुणहरूको पहिचान हुन्छ र त्यसको वृद्धि हुन्छ । राम्रा पुस्तकहरूबाट प्राप्त प्रेरणा असल साथीको रूपमा काम गर्दछन् । यसबाट जीवनलाई सही दिशा प्राप्त गर्न मद्दत पुग्दछ । यसको उल्टो गलत साहित्यको अध्ययन अधोपतनको कारण बन्दछ ।

मानिसले आफ्नो चरित्रलाई जोगाउन हर तरिकाले लाग्नुपर्दछ । हामीले सानो सानो कुरालाई पनि उपेक्षा गर्नु हुँदैन । हाम्रो भेषभुषा, खानपान, वार्तालाप तथा अन्य कामको बेला मर्यादाको पालन गर्नुपर्दछ । स्वच्छ आहार एवम् साधारण पहिरनबाट विचार पनि स्वच्छ हुनजान्छ । तामसी भोजन एवम् त्यस किसिमका पदार्थले मानिसको चरित्रबल क्षीण हुन जान्छ र पशुवृत्ति जागृत हुन्छ ।

चरित्रबल मानिसको सबैभन्दा ठूलो शक्ति एवम् सम्पदा हो । संसारका सबै सम्पदाहरूको मालिक भएर पनि कोही चरित्रहीन छ भने ऊ हर तरिकाले विपन्न नै मानिन्छ । अहिलेको समयमा व्यक्तिगत एवम् सामाजिक रूपमा चरित्र पतनका जुन प्रवाह देखिन्छ, त्यो कतैबाट पनि रोकिने वा कम हुने अनुमान गर्न सकिँदैन । यस किसिमको परिस्थितिमा न सकैले चाहेर पनि चरित्रवान् एवम् नैतिक मूल्य सम्पन्न व्यक्ति बनाउन सम्भव प्रायः नै देखिन्न । यसै कारणले आजकाल चारैतिर मूल्यहीनता, भ्रष्टाचार, अनैतिक कामको प्रधानता देखिन्छ । यसको अन्त्य हुने छाँटकाट कतैबाट पनि देखिंदैन ।

अब एकपटक फेरि मानवीय भावनाहरू एवम् चरित्रलाई पुनर्जागृत गरी आजको अराजकतापूर्ण वातावरणबाट छुटकारा पाउन सकिन्छ । यसको मुख्य जिम्मेवारी आजको युवा पिंढीलाई आएको छ । आफ्नो मातृभूमिको छविलाई सर्वोच्च शिखरमा पुऱ्याउनका लागि स्वयं आफ्नो चरित्र उज्जल बनाई अरूको चरित्रको रक्षा गर्नुपर्दछ । किनकि समाजको गति बदलिने शक्ति केवल चरित्रबाट मात्र प्राप्त हुन्छ । चरित्र बल नै सर्वश्रेष्ठ बल हो । यो नश्वर (मानव)जीवनमा उसको चरित्र नै अमर उपलब्धी हो । जसले मनुष्यलाई नरबाट नारायण बनाइदिन्छ ।❖

–सेतोपुल, काठमाडौं

सन्दर्भ सामाग्रीः 'निश्चित फलदायी जीवन साधना'

श्रीहरिः

निगमकल्पतरोर्गलितं फलं शुकमुखदमृत द्रवसंयुतम् ।
पिबत भागवतं रसमालयं मुहुरहो रसिकाः भुवि भावुकाः।।

हार्दिक निमन्त्रणा

भगवान् श्री पशुपतिनाथका असीम अनुकम्पाले हाम्रो निवासस्थानमा देवघाट सत्यनारायण मन्दिरका पीठाधिस पं. श्री १००८ स्वामी मधुसूदनाचार्य ज्यूका मुखारविन्दबाट प्रवाहित हुने संगीतमय ज्ञान महायज्ञमा स–परिवार पाल्नु भई भागवत रसामृत पान गरी पुण्य आर्जन गर्नुहुन हार्दिक अनुरोध गर्दछु ।

कार्यक्रम
मितिः २०७९ माघ १२ गतेदेखि
माघ २० गते समापन एवं प्रसाद ग्रहण
समयः विहान ११ बजेदेखि ४ बजेसम्म
स्थानः शुभद्रा प्यालेस, गौशाला, काठमाडौं

दर्शनाभिलाषी
श्याम खड्का/शमी खड्का
कुमार खड्का/शर्मिला खड्का
सामिया खड्का
तथा समस्त खड्का परिवार

प्रार्थी
शुभद्रा खड्का

सम्पर्कः (शुभद्रा) ९८४१२२७५४७ (श्याम) ९८५१०१५२३५

वैदिक संस्कृतिमा नारी

-वेदप्रसाद पन्त

विश्व सिर्जना गर्ने निराकार निरङ्कुश परब्रह्म परमात्माले सृष्टिको प्रारम्भमा महिला र पुरूषलाई समान अधिकार दिएर सुन्दर सृष्टि सिर्जना गर्न भनी यस पृथ्वीलोकमा पठाएका थिए । महिला र पुरूष दुवैलाई बराबर अधिकार भएकोले दुवै थरी मिलेर भगवान्को निर्देशन अनुसार अगाडि बढ्दै गए । यसरी भगवान्को इच्छा र निर्देशन अनुसार सृष्टि गर्दै जाँदा पृथ्वी पनि स्वर्ग जस्तै देवता र मनुष्य सबैको आकर्षणको केन्द्रविन्दु बन्न गएको थियो । पछि आएर महिलालाई 'विनोवा भावेको' अवलाको परिभाषा अनुसार न विद्यते बलं यस्यां सा अवला अर्थात् जस्मा बल वा शक्ति छैन त्यो अवला हो भन्ने परिभाषा दिएका थिए । वास्तवमा यो परिभाषा गलत हो । अवलाको परिभाषा त अशेषेण परिपूर्ण रूपेण बलं विद्यते यस्यां सा अवला अर्थात् मनुष्य लगायत सम्पूर्ण देवगणहरू समेतलाई आफ्नो वशमा राख्न सक्ने बल जस्मा छ त्यही अवला हो । यही मान्यता अनुसार वैदिक कालको मानव समाज महिला पुरूषको समान अधिकार र समान रूपले एउटा रथका दुई पाङ्ग्रा जस्तै भएर काम गर्ने गरेको हुनाले तत्कालीन समाज स्वस्थ र सुन्दर थियो । अतः प्राचीन ऋग्वेदीय कालमा महिलाहरू पूर्ण अधिकार सम्पन्न एवम् सशक्त थिए भन्ने बुझ्न सकिन्छ ।

आज भन्दा करीब १००० वर्ष पहिले उल्लेख भएको मनुस्मृतिले भने अनुसार स्त्री शूद्रौ नाधीयताम् भनेर स्त्री वर्ग र शूद्रवर्गलाई वेद पढ्नबाट बञ्चित गरेपछि त्यस पछिका स्मृति र नीति शास्त्रहरूमा स्त्री र शूद्रलाई वेद पढ्ने पढाउने कुराबाट बञ्चित गर्दैआएको देखिन्छ । तर मूल वेदलाई अध्ययन गर्दा मानिस-मानिस त्यस्तै पुरूष र स्त्रीजातिमा पनि कुनै प्रकारको भेदभाव भए-गरेको देखिँदैन । बरू सबैको समान अधिकार भएकोले सामाजिक व्यवस्था प्रबल रहेको देखिन्छ ।

ऋग्वेदमा त ऋचा सञ्चय गर्ने ब्रह्मवादिनीहरूको अस्तित्व समाजमा गौरवको रूपमा रहेको थियो । शतपथब्राह्मणमा उल्लेख भए अनुसार योगेश्वर याज्ञवल्क्यसँग येनाहं नानृतं स्यां तेन किमहं कुर्याम् अर्थात् जुन कर्म गर्नाले मेरो जीवन सफल र सुखी हुन्छ, म झुटो र असफल हुनुपर्दैन त्यस्तो कर्म के छ बताउनुहोस् भनेर यस धर्तिमा अनन्त प्रश्न गर्ने पनि आयावर्त भूमिका गौरवमयी आर्य महिला नै थिए । यो प्रश्न सुनेर स्वयं याज्ञवल्क्यलाई भन्नुपरेको थियो- रे मैत्रेयी ☐ यो वै भू मा तत्सुखं नाल्प सुखमस्ति अर्थात् यो नित्य आत्मा नै सुख स्वरूप हो । दृश्यमान प्रपञ्च अनित्य छ र जसलाई प्यारो गर्छौ अथवा जस्ले प्यारो गर्छ त्यस्ले अवश्य रूवाउँछ ।

यसकारण वैदिक कालमा कुमारीहरू वासनाका शिकार मात्र भएर बस्थे भन्ने आधार कतै भेटिन्न । जनकको राजसभादेखि लिएर समस्त आर्यावर्तमा गार्गीजस्ती विदूषीलाई शास्त्रार्थ वा प्रश्नोत्तरमा शान्त गर्ने व्यक्ति अरू कोही नभएकोले योगीबर याज्ञवल्क्यसँग गएर जिज्ञासा शान्त गर्ने अवसर पाएकी थिइन् । मैत्रेयीका यस्ता जिज्ञासामा पटक पटक गरेर याज्ञवल्क्यले उत्तर दिइरहनुपरेको थियो । यत्रनार्यस्तुपुज्यन्ते रमन्ते तत्र देवताः अर्थात् जहाँ नारीहरू पूजिन्छन् त्यहाँ देवताहरू पनि रमाउँछन् भन्ने यो मनुको उद्गारमा भृगु ऋषिले पनि भन्नुभएको थियो । गार्गी र मैत्रेयी आदिका कुराले भन्न सकिन्छ कि वैदिक कालमा नारीहरू अत्यन्त शिक्षित र दीक्षित थिए । पुरूष वा आजको विकशित समाजका नारीहरू भन्दा धेरे प्रकारले पूजनीय थिए ।

नारीहरूले आमा बन्ने अवसर पाएपछि बालकको जन्म समयदेखि शिक्षाकालसम्म उसले आमा कै काखमा हुर्कने अवसर पाउँछ । त्यसैले मातृ-समो गुरूर्नास्ति अर्थात् आमालाई नै सबैभन्दा ठूलो गुरूको महत्त्व पनि दिएको पाइन्छ । यसकारण भन्न सकिन्छ कि कालान्तरमा कुनै व्यक्ति विशेषले स्त्री र शूद्रलाई वेद पढ्न निषेध गरेपछि तत्कालीन समाजले त्यही कुरालाई समर्थन गरेर अघि

बढ्दै आएको देखियो। यस्तो सरासर गलत कुरा समाजमा भित्र्याएर स्वस्थ समाजलाई धमिल्याएको देखिन्छ । यही गलत सामाजिक व्यवस्थाका कारण आज आएर महिला अधिकारवादीले नाक फुलाउने अवसर पाएका छन् ।

ऋग्वेदमा यस्ता विदूषी नारीहरू नै ऋचादर्शी र संग्रह गर्ने विशिष्ट विदूषी थिए भन्ने अनेकौं प्रमाण छन् । अतः विभेदका कुरा पछि नै आएका हुन् भन्न गाह्रो छैन । सायणाचार्यले यत्र तत्र मन्त्रदर्शी ऋषिका भनेर पूर्वपीठिका भाष्यमा वर्णन गरेका छन् । सावितृसुताका ऋचासंग्रह र भावहरूलाई हेर्दा मानिस अत्यन्त भावुक बन्न पुग्छ । ऋग्वेदको दशौं मण्डलको ८५ सूक्तको ४७ औं ऋचालाई स्व अनुभूतिबाट प्रकाशित गर्ने ऋषिका ब्रह्मवादिनी सूर्या थिइन् । ऋग्वेद प्रथम मण्डलको १२६ सूक्तको ७ ऋचाको सङ्कलन गर्ने ऋषिका ब्रह्मवादिनी रोमशा थिइन् । ऋग्वेद अष्टम मण्डलको प्रथम सूक्तको ३४ ऋचा सङ्कलन गर्ने ऋषिका ब्रह्मवादिनी शाश्वती हुन् । ऋग्वेद दशौं मण्डल १२५ सूक्तमा देवीसुक्तको नामले ८ मन्त्र प्रसिद्ध छन् । यसमा कतिपय आधुनिक वैज्ञानिक कुराहरू पनि छन् । यी मन्त्रहरू साक्षात् वाणीस्वरूपा ब्रह्मवादिनी वाक् नाम गरेकी ऋषिकाले संग्रह गरेकी हुन् । ऋग्वेद अष्टम मण्डल ९१ सूक्तको १ देखि लिएर ७ ऋचा प्रसिद्ध ब्रह्मविदूषी अपालाको भाव हो । प्रायः जनसामान्यहरूमा पनि अपाला, गार्गी र मैत्रेयी प्रसिद्ध विदूषीहरू हुन् । त्यसमा पनि अपाला त मूल ऋग्वेदमा प्रविष्ट छन् । गार्गी र मैत्रेयी उपनिषद्मा छन् । यस रीतिले ऋग्वेद पञ्चम मण्डलको द्वितीय अनुवाक्को ६ ऋचा वेदवादिनी विश्ववाराले देखेकी हुन् । यहाँ यास्कको निरूक्तअनुसार 'देख्नु' भन्ने शब्दलाई प्रयोग गरेको हो । यास्क भन्नुहुन्छ ऋषयोः मन्त्र द्रष्टारः त अवरेभ्यो मन्त्रान् संप्राहु। मन्त्र द्रष्टाहरूमा ऋषि र ऋषिका दुवै छन् । त्यसो हुँदा अध्ययन मननमा पनि पङ्क्तिभेद हुन सक्दैन । यस्मा यास्कले द्रष्टा शब्द प्रयोग गरेको हुनाले ऋचालाई देखे भन्दा अत्युक्ति हुँदैन ।

यस रीतिले ममता, उसीजा आदि विदूषी नारी वर्गको वेद पढ्ने उच्च शिक्षाको महत्त्व खोसेको देखिँदैन । यजुर्वेदमा यथेमां वाचं कल्याणी.... मन्त्रमा अधिकार सुरक्षित भएको बुझिन्छ । यहाँ अवस्य कतिपय व्यक्तिहरूले आर्य समाजीहरूको कुरा भनेर टाल्न चाहन्छन् । तर वेद आर्य समाजको मात्रै होइन, अपितु सबैको हो । स्वयं कलमी आर्यसमाजी होइन । यस प्रकार स्त्रीशूद्रौ नाधीयताम् आदि वाक्यले अधिकारीहरूलाई अनाधिकारी बनाउने काम मात्र गरेको छ ।

ऋग्वेदीय प्रमाणहरूबाट नारीसमाजलाई पूर्ण वेदाध्ययन गर्ने अधिकार भएको बुझिन्छ । संसारमा स्मृतिहरू भन्दा श्रुति प्रमाणहरू सर्वमान्य छन् । अतः वैदिक कालमा स्त्री शिक्षा सुदृढ थियो भन्ने कुरा सिद्ध छ । कुनै पारस्परिक व्यवहारमा विवाद हुनुको कारण स्त्री र शूद्रहरूलाई शिक्षा दीक्षाबाट बञ्चित गरिएको थियो भन्ने बुझिन्छ । अब समान शिक्षा दीक्षा 'समानी आकूति समनं मनः' यस मन्त्रलाई सार्थक पार्ने बेला आएको छ ।

स्त्रीशूद्रलाई मात्र होइन अपितु समस्त मानव जातिलाई वेद पढ्ने अधिकार छ । यो कुरा आर्य समाजको मात्र नभई समस्त मानवमात्रमा पुऱ्याउने कुरा (विचार) हो । त्यसकारण महिला र पुरुष दुवै मिलेर वेदको गहन अध्ययन गरेर पूर्वआर्यहरूको शिक्षा प्रणालीको अनुसरण गरी आर्य विज्ञानको प्रचार प्रसार र उन्नतितर्फ लागौं । यही नै ऋग्वेदको 'अग्निमिले'प्रथम मन्त्रको उद्गार हो ।

पहिले मातृसत्तात्मक जगत थियो । यति धेरै शिक्षित ब्रह्मविदूषी र सामाजिक क्षेत्रमा पुरुषवर्गसँग मिलेर बराबर हैसियतमा काम गर्ने महिलाहरू जङ्गली आइमाई थिएनन् र सबैसँग यौन सञ्चार गर्दथे भन्ने कुरा त हिजो अस्तिका अपरिपक्व बुद्धि भएका मानिसहरूको कल्पना मात्रै हो । हाम्रो समस्त आर्य इतिहासलाई हेर्दा यस्तो मातृसत्ताको उल्लेख कहीं पनि पाइँदैन । पछि आएर खासगरी पाश्चात्य मुलुकबाट व्यर्थैमा झुटो कल्पना मात्र गरेको देखिन्छ । यो अवश्य हो कि अलिपछि आएर केही अगुवा ब्राह्मणले स्त्रीवर्गमाथि निकै अङ्कुश लगाएको देखिन्छ । तर पुरा ऋग्वेददेखि लिएर ब्राह्मण, आरण्यक, उपनिषद्कालसम्म पूर्णरूपले स्त्रीपुरूष दुवैको विद्या, व्यवहार, विवाह, संस्कार आदिमा समान अधिकार भएको पाउँछौं । त्यसो हुँदा मातृसत्तात्मक कथा पूर्वीय आर्य समाजमा पाश्चात्यहरूको छायाँ परेर आफ्नो बुद्धि र विचारमा खिया लागेको मात्र हो ।

पूर्वीय आर्यहरूले गर्दैआएका नारीसम्मानका प्रशस्त उदाहरण छन्, जस्तै–

–भगवान्का चौविसौं अवतार मानिने वेदव्यास महर्षिले सिङ्गो देवी भागवत् पुराण लेखेर त्यस्मा आदिशक्ति माताको गुणगान गर्दै उहाँको विशिष्ट चरित्रको वर्णन गर्नुभएको छ ।

–त्रीकालदर्शी एवम् चिरञ्जीवी मार्कण्डेय महर्षिले मार्कण्डेय पुराणमा दुर्गा कवच लेखेर दुर्गापूजाको व्यवस्था र आदिशक्ति जगज्जननीको सम्मान गर्ने परम्परा प्रारम्भ गर्नुभएको थियो । त्यसपछि पूर्वीय आर्य समाजमा दुर्गापूजाको संस्कृति शुरू भएको हो र आज पनि हामीले बडादशै वा चैते दशैंमा१ वर्षदेखि नौ वर्षसम्मका कन्याहरूलाई नवदुर्गाको रूपमा पूजा गरी मिठा २ खाना फलफूल र वस्त्रहरू दिएर सम्मान गर्दैआएका छौं ।

–यसैगरी कुनै संस्कार वा संकृतिका कर्महरू शुरू गर्दा जस्तै विवाह व्रतबन्ध तथा यज्ञ यागादिहरूमा वा कहीं कतै साइत गरेर जानुपर्दा पनि कन्यालाई टीका लगाएर साइत गर्ने प्रचलन थियो र आज पनि छ ।

–वैदिक सनातन धर्मअनुसार हरेक पुरूषको नामको अगाडि प्रथम अक्षर श्री लेखेर मात्र उसको नाम लेख्ने चलन थियो जस्तै श्रीगणेश, श्रीराम, श्रीकृष्ण, श्रीशङ्कर, श्रीभद्र आदि आदि । श्रीको अर्थ लक्ष्मी हो अर्थात् नारीरूप हो । सृष्टिकी प्रथमशक्ति प्रकृति मातालाई मानेर यसरी हरेक पुरूषका नामको अगाडि शक्तिरूपा जगज्जननी मातालाई सम्मान गरेर मात्र पुरुषको नामलेख्ने चलन भगवान्बाट नै शुरू भएको थियो र हिजोसम्म पनि हामीले आफ्नो नामको अगाडि श्री लेख्दै आएका थियौं । तर आज पाश्चात्य संस्कृतिको प्रभावमा परेर नारीलाई सम्मान गरी श्री लेख्ने चलन हटाइएको छ । यो हाम्रो लागि अपाच्य कुरा हो । आफ्नो संस्कृति जोगाउनेतर्फ लाग्नु हाम्रो नैतिकता हो । पाश्चात्य मुलुकका मानिसले आफ्नो धर्म र संस्कृतिको प्रचार प्रसार अगाडि बढाउँदै गर्दा हामीले आफ्नो धर्म संस्कार संस्कृति छोड्दैजानु भनेको आफूलाई र आफ्नो पहिचानलाई बिर्सनु हो । यसरी हामीले आफ्नो चिनारी मेटाउन उद्यत हुँदै गयौं भने विश्वमा फैलिएको वीर नेपालीको सान र पहिचान समाप्त भएर जानेछ । अतः समय छँदै सतर्क बनौं ।

–गायत्री मन्त्र र याकुन्देन..., शुक्लां ब्रहम विचार सार परमा..., आदि अनेक प्रकारका स्तुति र प्रर्थनाहरू उल्लेख गरेर ती त्रीकालदर्शी महर्षिहरूले देवीकै स्तुति र प्रार्थना गरी आफूहरू सर्वज्ञ भएको सन्देश प्रवाह गरेका छन् ।

–पहिले नारीको पनि व्रतबन्ध गरी वेद पढ्ने चलन रहेको थियो । यस प्रसङ्गलाई निम्न श्लोकले पुष्टि गर्छ–

पुरा कल्पेतुनारीणां मौञ्जिबन्धन मिष्यते ।

अध्ययनं च वेदस्य सावित्री वचनं तथा ॥

अर्थात्, प्राचीन समयमा महिलाहरूको पुरुष सरह व्रतबन्ध हुन्थ्यो र गुरूकुलमा बसेर वेद पढेर दीक्षा लिने चलन थियो । यसैगरी अदुष्टकार्माणां शूद्राणामपि व्रतबन्धः अर्थात् असल कर्म गर्ने जुनसुकै व्यवसायी, जात–जाति वा धर्मीको पनि व्रतवन्ध गर्ने चलन थियो भनेर स्पष्टरूपमा उल्लेख छ ।

भगवान् कृष्णले गीताको दशौ अध्यायको ३४ औं श्लोकमा भन्नुभएको छ–

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।

कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥

अर्थात् म सर्वभक्षी मृत्यु हूँ र पछि उत्पत्ति हुनेहरूको सृष्टि नियम पनि म नै हूँ । त्यसैगरी स्त्रीहरूमा रहेको कीर्ति, लक्ष्मी, वाणी, स्मृति, बुद्धि, धृति, दया, करूणा, क्षमा र सहनशीलता पनि म नै हूँ भन्नुभएकोले आर्य समाजमा नारीहरूलाई सम्मान गरेर पुज्ने चलन चलेको हो र हामी गीताका अनुयायीहरूमा नारीहरूको विशेष सम्मान र पूजा गर्ने परम्परा पनि रहिआएको छ ।

उल्लिखित कुराहरूका आधारमा नारीहरूप्रति पूर्वीय आर्य समाजले निकै ठूलो श्रद्धा र सम्मान गर्दैआएको कुरा स्पष्ट देखिन्छ । तर आजका नारीहरूले यी कुराहरू बुझ्ने अवसर नपाएर अथवा अध्ययन गर्न नचाहेर वा नबुझेर वा बुझ पचाएर हो पुरूष समाजलाई दोष दिँदै कतिपय नारीले त पाश्चात्य संस्कृतिको अनुसरण पनि गर्न लागेका छन् । यसले हाम्रो समाजमा रहेको सामाजिक सद्भाव, श्रद्धा र सम्मानमा धमिरो लाग्दैछ । अर्थात् सामाजिक अस्थिरता र अशान्ति मौलाउन लागेको छ । अतः आजका बौद्धिक मानिसहरू यी कुरीति र कुसंस्कारबाट जोगिनको लागि सचेत बनौं ! ❖

–हाइभिजन कोलोनी, चन्द्रागिरी, काठमाडौं

पशुपतिका प्राचीन जातिहरू

-शङ्करमान भण्डारी

साक्षात् ज्योतिर्लिङ्ग सहितको स्वर्ण गजुर भएको स्वर्ण छानायुक्त भगवान् श्रीपशुपतिनाथको मन्दिर नेपालको मात्रै नभई विश्वकै हिन्दुहरूको प्रमुख तीर्थस्थल हो । यहाँ प्राचीन समयदेखि विभिन्न जातजातिका समुदायहरू रहँदै आएको इतिहास छ । इतिहासकारहरूको भनाइ अनुसार पशुपतिनाथ मन्दिर विराजित यस स्वर्णपुर शहरलाई दोश्रो तेश्रो शताव्दी (वि.सं. २००-३०० वर्ष) देखि वृषभदेव राजाको समयमा तीर्थस्थलको रूपमा विकसित गराई व्यापारको समेत विस्तार गरिएको मान्यता छ । पछि राजा शिवदेव प्रथमको पालामा (वि.सं. ७००-८०० तिर) त्यहाँ रहेका वस्तीसहित वरिपरिका गाउँटोलका अन्य मानव वस्तीलाई समेत समावेश गरी नौ नौ थरि नामको चोक डवली, इनार, पोखरी, ढुङ्गेधारा, ढोका, पाटी, चउर, टोल र ती टोल टोलमा नौ जात (वर्ण) को वर्ण व्यवस्था गरी नौ गुण नौ एकासी अंकअनुसारको गोलवन्दी गरी ग्वःल नामले नामाकरण गरी देवपत्तन शहरको जिवन्तता दिएका हुन् भन्ने भनाइ छ ।

सातौं आठौं शताव्दीतिर शिवदेव प्रथम राजाका पालामा कार्य क्षेत्रको आधारमा वर्गीकरण गरी बस्ती बसालेका आदिवासी नेवार समुदायले आफ्नो निर्दिष्ट काम गरी सामूहिक एकताका साथ रहँदैआएका थिए । त्यसै समयदेखि यहाँ वर्षभरि सञ्चालन हुने मेला, पर्व, देवदेवीहरूको जात्रा, पूजापाठमा पनि एक आपसमा मिलेर समन्वयात्मक ढंगले कर्तव्यपालन गरी संस्कृति, परम्परा सम्हाली रहँदैआएको पाइन्छ । यही मूल चलन परम्पराको आधार नै यहाँको धर्म संस्कृति र ऐतिहासिकता बोकेको बस्तीको मूल धरोहर बन्न पुगेको छ । यहाँ आयोजन हुने विभिन्न संस्कृति परम्पराको कार्यमा सरिक भई काम गर्न जिम्मेवारीको आधारमा नौ जात (जाति)लाई क्रमशः निम्नानुसार वर्गीकरण गरिएको देखिन्छ ।

१. राजोपाध्याय (ब्राह्मण)

प्रथम वर्ण या जातिका वंशको रूपमा राजोपाध्ययहरूलाई लिइन्छ । यिनीहरूले यहाँका अन्य जातिहरूको व्रतवन्ध, विवाह लगायतका कर्मकाण्ड गराउने गर्दछन् । साथै देव-देवीको व्रत पूजा गराउने, मन्दिरमा पूजा पाठ गरिदिने र पितृको तिथिमा श्राद्ध दान दातव्य गराई पितृ उद्धार गराई घरघरमा शान्तिको प्रतिष्ठापित गराउने लगायतका गुरू पुरोहित कार्य गर्ने गर्दछन् । यी जातिले परापूर्व कालमा नै भगवान् पशुपतिनाथको नेपाली प्रथम पुजारी भई कार्य गरिसकेका छन् । हाल पशुपतिनाथका गुरू दक्षिणामूर्तिको नित्य पुजारीका रूपमा पनि राजोपाध्याय ब्राह्मण नै रहने चलन छ । यिनीहरू ग्वल नामको शहरभित्रको ज्याना (दःथु) टोलमा राजोपाध्ययको आगन घर वरिपरि बस्तीमा बसोबास गर्दैआएको पाइन्छ ।

२. कर्माचार्य (पुजारी)

पशुपति क्षेत्रका प्राचीन जातिमध्ये दोश्रो वर्ण (जाति) का वंशहरू अन्तरगत कर्माचार्य पुजारीहरू पर्दछन् । यो वर्ग अन्य जातिहरूको कर्मकाण्ड गर्ने सन्दर्भमा ब्राह्मणको सहायक गुरू पुरोहित भई कार्य गर्दछन् । यस अन्तरगत व्रतवन्ध गर्ने कार्यमा साथ बसी पूजामा सघाउने, शक्तिका देवी, देवहरूमा तन्त्रविधिबाट भाकल पूजा र अन्य नित्य पूजाको काम गर्ने र पितृको तिथि श्राद्धमा ब्राह्मण पुरोहितलाई सघाउने कार्य गर्दछन् । साथै मृत व्यक्तिको एघारौं दिनमा घरशुद्धि गर्न 'घसु' भन्ने शुद्धि कार्य गर्ने होमहोमादि पूजा गराई होममा हात सेकाई माछा, मासु, पान, सुपारी र अन्य खान नहुने खाद्यान्न खानेकुरा

आसुरी बारेका घरका परिवारहरूलाई अग्नि साक्षी राखी फुकाउन लगाउने लगायतका सेवा भावका कार्य पनि गर्दछन् । यस्तै माता बज्रेश्वरी, बच्छलेश्वरी, भूवनेश्वरी, मनमानेश्वरी, मंगलागौरी, राजराजेश्वरी, कोटेश्वरी, झम्केश्वरी, वनकाली, जयवागेश्वरी, वनगणेश, बालकुमारी, अष्टमातृका, आकाशभैरव, कीर्तिमुखभैरव, उन्मत्त भैरव, पञ्चगणेश, चन्द्रविनायक (चावहिल) लगायत शक्तिपीठ देवदेवीहरूमा मेला पर्वमा समेत गुठी पूजा, पर्व पूजा गरिने वंशहरूका पुजारीहरू हुन् । यिनीहरू अमालकोटको तलेजु मातामा पुजारीको पदमा दरवन्दीमा रही कार्य गर्दछन् । यी कर्माचार्य जयबागेश्वरी (क्वाको) टोल, दःथु (ज्याना) टोल, पाचा (वाल्ते) टोल र भूवनेश्वरी चोक (भकूँटोल) को बस्तीमा बसोबास गर्दैआएको इतिहास छ ।

३. जोशी (गुरू वर्ग)

तेश्रो वर्ण वा जाति अन्तरगत जोशी थरका गुरू वर्ग पर्दछन् । यिनीहरू सालभरिमा पर्ने कुनै तिथि, घडी, पला, नक्षत्र, जुराई शुभ, अशुभ तिथि, मिति बार अनरूप पञ्चाङ्ग पात्रो लेखाई छपाई गर्दथे । कसैको जन्म कुण्डली (चिना) लेख्ने कार्य र चिना अनुसार ग्रह दशा छुट्याइ ती कुराबाट छुटकारा दिलाउन पूजा पाठ गर्नुपर्ने तिथि, मिति समेत छुट्याइ कार्य गर्ने विधि समेत बनाइ लेखिदिने जस्ता सामाजिक सेवाको कार्य समेत गर्ने गर्दथे । यिनीहरूले भगवान् पशुपतिनाथको मन्दिरमा हरेक पूर्णिमामा (रणवहादुर शाहको महास्नान पूजामा)राजाको प्रतिनिधित्व गरी महास्नान पूजाको गर्भगृहको वारि दक्षिण ढोकामा बसेर संकल्प गर्ने कार्य पनि गर्दैआएका हुन् । यिनले महास्नान गुठीघरमा पशुपति भण्डार तहविल कार्यालय र जयवागेश्वरी भण्डार तहविल कार्यालयको कार्यालय सहायक पद वैदार भई काम गर्ने र पशुपतिनाथका भण्डारीहरूको मन्दिर प्राङ्गणमा व्रतवन्ध गर्दा पुरोहित ब्राह्मण कर्माचार्य पूजारीको सहयोगी भई पूजामा सघाउने गर्दछन् । यो वर्गका वंशहरू जयवागेश्वरी चोक या पाचाटोल, लगनलाछी टोल र चावहिल भीमसेन मन्दिर बजारमा बस्दैआएको इतिहास छ ।

४. बज्राचार्य र भण्डारी

बज्राचार्य (पुजारी), पशुपतिनाथका पूजारी सहायक (भण्डारी), पशुपतिनाथको भण्डार तहविल कार्यालयका नाइके, वैद्य थरका वर्गहरू चौथो वर्ण (जाति)का वंशहरू हुन् ।

क) वज्राचार्य वर्गका वंशहरूः

यस वर्गका वंशहरू भगवान् पशुपतिनाथको मन्दिरमा दोश्रो नेपाली पुजार भई सेवा गरेका पुजारीहरू हुन् । चावहिलस्थित धन्दोत्तर चैत्य र यहाँको प्राङ्गणमा रहेको अजिमा हारती मातामा हाल दैनिक नित्य पूजा गरी त्यहाँस्थित शाक्य, श्रेष्ठ, डंगोल, महर्जन, मानन्धर जस्ता जातजातिको कर्मकाण्ड धार्मिक पूजा, भाकल पूजा, विवाह गुफा राख्ने कार्य र पितृको तिथि श्राद्ध, तेह्र दिन भित्रको कार्य गरी समाजमा पुरोहित गुरू पुजारी भई समाजको कल्याण कार्य गर्ने गर्दछन् । हाल यी जातका व्यक्तिहरू सुन, चाँदीको गरगहनाको व्यापारमा पनि संलग्न छन् । उनीहरू पहिले जयवागेश्वरी मन्दिरको उत्तर पश्चिम कुनाको सुनधारा सँगैको बज्राचार्य चोक (क्वाको टोल) मा बस्दैआएको इतिहास छ । तर हाल आएर आफूले नित्य पूजा गर्ने धन्दोत्तर चैत्य चोकको पश्चिम दिशावरिपरि बस्तीमा रहँदैआएको पाइन्छ ।

ख) भण्डारी वंशहरू :

यी वंशहरूले भगवान् श्रीपशुपतिनाथको दैनिक नित्य पूजा, पर्व पूजा, मेला भरिको पूजामा शुरूदेखि हालसम्म आ–आफ्नो (कवल) समूहको रोलक्रम अनुसार पालोमा त्यहाँको आचरण पालन गरी कार्य गर्दैआएका छन् । यस क्रममा परम्परा अनुसार एक एक महिना मन्दिरको जिम्मा लिई पूजा तयार गरी पुजारी भट्टलाई समय समयको पूजा सामग्री र आरतिलाई सघाउने कार्य गर्नुका साथै दैनिक विहान मन्दिर खोल्ने, बेलुका बन्द गर्ने, आवश्यकता अनुसार मन्दिर भित्रको सरसफाइ गर्ने, भक्तजनलाई समय समयमा भगवान्को प्रसाद वितरण गर्ने, भक्तजनबाट चढाउन ल्याएको पूजाको सामान पूजामा राखिदिने, यस्तै भण्डारीबाट पशुपति मन्दिर बाहिर गई भण्डारीको तर्फबाट पूजा तयार गरी पूजा लिई जाने वा आफ्नै पूजा गरी आउनु पर्ने देवदेवीमा पूजा गरिने कार्यमा सहयोग गर्दैआएका छन् । राजगुठी, निजी गुठी पनि बेला बेलामा सबै भण्डारी मिलेर सञ्चालन गर्दछन् ।

यिनले तत्कालीन समयमा यस वडा गाउँको प्रधानपञ्च वडाध्यक्ष भई अमालकोट कचहरी कार्यालयमा द्वारे विचारी, पञ्चप्रधान पदमा बसी सेवाका कार्यमार्फत समाजसेवा गर्ने कार्य समेत गर्दछन् । यी भण्डारीहरू दःथुटोल (ज्वान)टोल, पाचा (वारने) टोल, लगनलाछी टोल, भम्केश्वरी (कोलाछी) टोलमा बसोवास गर्दैआएका छन् । तर पशुपति क्षेत्रले कोर क्षेत्र बिस्तारको क्रममा लगनलाछी टोल र भम्केश्वरी टोलमा बसोबास गर्ने भण्डारी समूहलाई गुरू दक्षिणामूर्ति मन्दिरबाट मित्रपार्क चोक जाने उकालोबाटोतिर नयाँ भण्डारी कोलनीतर्फ बस्ती स्थानन्तरण गराएको छ ।

ग) विशेत वर्ण (जात) वंशहरू :

यस वर्णका व्यक्तिहरूले पशुपतिनाथ भण्डार तहविल कार्यालयको तर्फबाट भगवान् श्रीपशुपतिनाथको नित्य पूजामा दैनिक सात्विक भोजन चढाउन दुक्का वृत्ता गुठीको आम्दानीबाट एक छाक भोजनको सामान तयार गरिदिने गर्दछन् । त्यसका लागि एक जना विशेत कर्मचारी सहित खटाई भान्सा तयार गराइन्छ भने महिना महिनामा भण्डारीहरूको मन्दिरमा पालो फेर्दा भगवान्को गरगहना गन्ती गरी जाँच गर्ने, श्रावण महिनामा भगवान्को पवित्रारोहण पूजा तयार गर्ने र जात्रा लगायत दिनभरिको पूजामा सरिक हुने गर्दछन् । माघ महिनामा पञ्चध्यानिबुद्धको स्तुप तयार गरी सो स्तुपलाई टोल टोलमा जात्रा गरी घुमाई भगवान् पशुपतिनाथको शिरमा विराजमान गराएर दुवै भगवान् एकै हुन् भनी बुद्ध र शिवको एक रूप पानीमा छाँया दर्शन गराउने पूजामा विशेतहरू सहभागी हुन्छन् ।

विशेत जातिहरू पशुपति मन्दिर लगायत यस कार्यालयसँग सम्वन्धित गुठी चलाउन साथै भण्डारका चौवीर रैरकमी पुजारी भट्टहरू, भण्डारी, मूलभण्डारीहरू विशेतहरू जस्ता कर्मचारीहरूको वार्षिक खान्की जग्गाको बाली पूर्ति गराई भण्डार तहविल कार्यालय सञ्चालन गर्ने कार्यमा पनि जिम्मेवार हुन्छन् । यो वर्गले बच्छलेश्वरी मातामा कालरात्रि पूजा ध्वं गुठीको आम्दानी उठाई चलाउने, जात्रा चलाउन पूजा गर्न माताको गृहघरबाट देवदेवी बाहिर ल्याइ पाँहचह्रे पूजा गरी देउतालाई जात्रा गर्ने खटमा विराजमान गराई २ रात २ दिन जात्रा चलाएर फेरि देवीको मूर्तिलाई उहाँकै कूल निवास (गोल ढुङ्गा) टोलको घरमा भित्र्याएर पुजारी कर्माचार्यलाई पूजा तयार गरी वर्ष दिनसम्मको पर्व पूजा गराउने धार्मिक कार्य गर्दछन् ।

असार महिनामा त्रिशूल जात्राको बेला खटको पछाडि पछाडि बन्दुदत्त पूजारीका कर्माचार्यको छोराको लाश बनाई टोल टोल घुमाई भोलिपल्ट एघार दिनको घसू होम पूजा गरी भोज समेत खानुपर्दछ । भूवनेश्वरी मन्दिर भित्र बसेर यसरी यहाँको धर्म संस्कृति परम्परामा सधैं सरिक हुनपर्ने विशेत परिवारहरू पाचा (वात्ने) टोल, गणेश मन्दिर पछाडि, भकुँटोल, लगनलाछी टोलमा बस्ने गर्दथे । हाल आएर नवाली (गोडढुँगा) टोल, बालकुमारी मन्दिर पश्चिम उकालो बाटो छेउ र नयाँ भण्डारी कोलोनी टोलमा बस्ती बसाली बस्ने गरेका छन् ।

घ) राजवैद्य वर्ण (जात):

यिनले आयुर्वेद विद्या अनुसार उपचारको काम गर्ने गर्दछन्। तत्कालीन समयमा राजदरवारदेखि आमजनतासम्म जोकोहीलाई पनि कुनै रोगव्यादीले सताउँदा आयुर्वेद विद्याले बताए अनुसार र आफूले सिकेको अनुभवबाट आवश्यक औषधि तयार गरी रोग अनुसार औषधिको मात्रा मिलाई बिरामीको उपचार गर्नु यिनीहरूको काम हुने गर्दथ्यो । हाल पनि यी वर्गहरूबाट औषधिउपचारको काम हुँदैआएको छ । यिनीहरूले पशुपक्षीहरूलाई समेत औषधोपचार गर्ने गर्दथे ।

पशुपतिनाथको अमालकोटका द्वारे, विचारीको पदमा बसी यहाँको धर्म संस्कृति पर्वलाई निरन्तरता दिने कार्य गर्ने साथै जयवागेश्वरी भण्डार तहविल कार्यालयको हाकिम नाइके लगायत त्यहाँको गुठी वैद्य खलक परिवार भई धर्म संस्कृतिलाई निरन्तर कायम गरी परम्परा धानिने कार्यमा यो समाज निरन्तर लागिरहेको छ । यो वर्गमार्फत अमालकोट कार्यालयको घाट वैद्यको दरवन्दीमा रही अन्तिम अवस्थाको विरामीहरूलाई समेत आर्यघाट सेवा केन्द्रमार्फत मानवीय सेवा दिने कार्य हुँदैआएको छ । यति मात्र नभई यस जातिका व्यक्तिहरूले यहाँको गाउँ सभापति, नगरपालिका अध्यक्ष, प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, विकास निर्माण एकाइका संयोजक जस्ता क्षेत्रमा जनप्रतिनिधित्व गरी यस क्षेत्रको सामाजिक सेवाको कार्य गर्दैआउनु भएको छ । त्रमशः

-पशुपति, काठमाडौं

भगवान् गौतम बुद्धका उपदेशहरू

रामबहादुर तामाङ

बैशाख पूर्णिमाको दिन सिद्धार्थको जन्म नेपालको लुम्बिनीमा भएको थियो, जसले बुद्धत्व प्राप्ति पछि गौतम बुद्धको नामले प्रसिद्ध भए। गौतम बुद्धको जन्म तिथिलाई बुद्ध पूर्णिमा पनि भनिन्छ। भगवान् बुद्धले सत्यको खोज पछि मानिसहरूलाई उपदेश दिए। भगवान् बुद्धका ती उपदेशहरू जीवनोपयोगी छन्।

भगवान् गौतम बुद्धका महत्त्वपूर्ण केही उपदेशहरू-

१. मानिसले अतितको बारेमा सोच्नु आवश्यक छैन र न त भविष्यको चिन्ता गर्नु पर्नेछ। हामीलाई आफ्नो वर्तमान समयमा ध्यान केन्द्रित गर्न आवश्यक छ। यही नै खुशीको मार्ग हो।

२. आफ्नो शरीर स्वस्थ राख्नु मानिसको जिम्मेदारी हुन्छ। यदि शरीर स्वस्थ नभएमा सोच र मन पनि स्वस्थ र स्पष्ट हुनेछैन।

३. सबैको मनमा गलत कार्यले जन्म लिन्छ। यदि मन सकारात्मक भावमा परिवर्तित भएमा मनमा गलत कार्य गर्ने विचारले नै जन्म लिँदैन।

४. हजारौ खोक्रो शब्दभन्दा त्यो एक शब्द राम्रो हुन्छ, जसले शान्ति लिएर आउँछ।

५. कसैलाई घृणा गर्दा व्यक्तिको मनको घृणा खत्तम हुँदैन, यसलाई केवल प्रेमले नै खत्तम गर्न सकिन्छ। जसरी नराम्रोको लागी नराम्रो खत्तम हुँदैन, त्यो प्रेमले समाप्त हुन्छ।

६. जो मानिस जति मानिसलाई माया गर्छन्, त्यती व्यक्तिबाट नै उनीहरू दुःखी हुन्छन्।

७. एउटा जंगली जनावरभन्दा धेरै खतरानाक एउटा कपटी र दृष्ट मित्र हो किनभने जनावरले केवल शारीरिक नोक्सानी पुऱ्याउँछ, जबकि दृष्ट मित्रले बुद्धि-विवेकलाई नोक्सान पुऱ्याउँछ। यस्ता मित्रहरूसँग सावधान रहनुपर्दछ।

८. सन्देह र शंकालु बानी भयानक हुन्छ, यसबाट सम्बन्धमा खटपट उत्पन्न हुन्छ। मित्रता टुट्न सक्छ।

९. मानवले कहिले रिस गर्नु हुँदैन। रिसले क्रोध निम्त्याउँछ र क्रोधबाट सजाय पाइन्छ।

१०. अरूसँग हजारौ लडाइ जित्नुभन्दा राम्रो हुन्छ कि व्यक्तिले स्वयम्माथि विजय प्राप्त गरोस्। यदि यसो भएमा फेरि विजय सधै उसको नै हुनेछ।

११. विश्वमा यी ३ चिजलाई कहिले लुकाउन सकिदैन : चन्द्रमा, सूर्य र सत्य।

१२. सत्य बाँटोमा हिँड्ने व्यक्ति २ वटा गल्ति मात्र गर्न सक्दछ। पहिलो- या त उसले पुरै बाटो तय गर्न सक्दैन, दोस्रो- या फेरी त्यो बाटोमा हिँड्नेछैन।

१३. मानवको लागि आफ्नो लक्ष्यलाई पाउनु भन्दा उत्तम त्यो लक्ष्यलाई प्राप्त गर्ने मार्ग उत्तम हुनुपर्छ।❖

–रामहिटी, बौद्ध

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ। पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-



श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मोवायलः ९८०३४७३०३७

व्यक्तिगत घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

- ❖ व्यक्तिगत घटना ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं गराऔं ।
- ❖ जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले दिन सक्छन् ।
- ❖ विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ ।
- ❖ सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नि कुनै एक पक्षले दिन सक्छन् ।
- ❖ बसाई सराई दर्ता गर्दा व्यक्ति आफूमात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्छ ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

THE VEGGIE THALI
Pashupati, Ktm, 9823029394
Thali
MO:MO
Chowmein
Tea/Coffee
& many more hygienic vegetable foods are available here
INDIAN | SOUTH-INDIAN | NEPALI | CHINESE
Catering facilities also available here

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

CG
बनौं आदर्श नागरिक
वाइ वाइ
जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन्
उसलाई वाइ वाइ सलाम गर्दछ ।
#banauaadarshnagarik
#बनौंआदर्शनागरिक

गो.हु.का. (म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८

सादर निमन्त्रणा

माता श्री मधुमोक्षदायनी महाकालीको अनुकम्पाले नेपाल राष्ट्रको शान्ति तथा वैदिक धर्मको संरक्षणार्थ गुप्तनवरात्र २०७९ माघ ८ गतेबाट हुन गईरहेको श्री महाकालेश्वर महोत्सव, प्राणप्रतिष्ठा, शतचण्डी, लघुरुद्री, गायत्री हवन तथा शिवमहापुराणमा सहभागी भई आफुलाई कृतकृत्य बनाउनु हुन सम्पूर्ण आमा बुबा दाजुभाइ तथा दिदीबहिनीलगायत सम्पूर्ण नेपालबासी भक्तजनहरूमा सादर निमन्त्रणा गर्दछौ ।

कार्यक्रमहरू

२०७९ माघ ८ गते	: पूर्वाङ्क, महाकालेश्वर रथयात्रा र कलश यात्रा
२०७९ माघ ९ गते	: शिवमहापुराण पाठ पारायण र प्राणप्रतिष्ठा आरम्भ
तिलचढाउने	: २०७९/१०/१२
समापन	: २०७९/१०/२१
असमर्थताको लागि	: ९८४३६२२२०१ ९८५११५१४७३
स्थान	: चाँगुनारायण न.पा. – १ स्वास्थ्य चौकी, भक्तपुर
प्रार्थी	: श्री मधुमोक्षदायनी महाकालेश्वर मोक्षधाम तथा सम्पूर्ण भक्तजन परिवार